
# दानपारमिता



वोधिसत्व वेस्सन्तर राजकुमारले आफ्ना छोरा छोरी जुजक ब्राह्मणलाई दान दिइएको दृश्य ।

— वीर्यवती

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाली भाषा)

१. बौद्ध दर्शन
२. पञ्चशील
३. शान्ति
४. नारी हृदय
५. पटाचार स्थविर चरित्र
६. बुद्ध शासनको इतिहास (भाग-१)
७. नेपाली ज्ञानमाला
८. बुद्ध र वहाँको विचार
९. बौद्ध ध्यान
१०. लक्ष्मी (प्र.सं.)
११. उखानको कथा संग्रह
१२. बौद्ध जगतमा स्वास्थ्य सेवा
१३. वेस्सन्तर जातक
१४. सतिपट्ठान भावना
१५. बौद्ध विश्वास (भाग-१)
१६. बौद्ध विश्वास (भाग-२)
१७. बौद्ध दर्पण
१८. महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान
१९. सप्त रत्न धन
२०. सफलताको रहस्य
२१. धर्म : एक चिन्तन
२२. मानव महामानव
२३. निरोगी
२४. जातक कथा
२५. प्रज्ञा चक्षु
२६. तथागत हृदय
२७. सतिपट्ठान विपस्सना
२८. बौद्ध प्रश्नोत्तर
२९. परित्राण (प्र.सं.)
३०. बुद्ध पुजा विधि र कक्षा संग्रह (प्र.सं.)
३१. मैले बुझेको बुद्ध धर्म
३२. बुद्धको जीवनी र दर्शन
३३. आमा बाबु र छोराछोरी
३४. स्नेही छोरी
३५. परित्तसुत्त (पाली भाषा)
३६. मति राम्रो भए गति राम्रो हुनेछ
३७. बुद्ध र बुद्ध पछि
३८. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय" र बुद्धको जन्मभूमि नेपालमा बुद्ध प्रति असहिष्णुता
३९. अ. धम्मवती
४०. बौद्ध ज्ञान
४१. संक्षिप्त बुद्ध जीवनी
४२. मिलिन्द प्रश्न (भाग-१)
४३. मिलिन्द प्रश्न (भाग-२)
४४. श्रमण नारद
४५. मानव स्वभाव
४६. बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४७. बौद्ध विश्वास (भाग-३)
४८. बुद्धको अन्तिम यात्रा (प्रथम भाग)
४९. लक्ष्मी (द्वि.सं.)
५०. सम्यक शिक्षा
५१. परित्राण (द्वि.सं.)
५२. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
५३. बुद्ध पुजा विधि कथा संग्रह र परित्राण
५४. बुद्ध पुजा विधि र परित्राण
५५. बुद्ध पुजा विधि
५६. लक्ष्मी (तृ.सं.)
५७. बुद्धको शिक्षात्मक उपदेश
५८. शान्ति मार्ग
५९. पहिलो गुरु को हुन् ?
६०. क्षान्ति र मैत्री (प्र.सं.)
६१. दान पारमिता

## Dharmakirti Publication
## (English)

1. Buddhist Economic and the Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. "Dharmakirti in Nut Shell"

Downloaded from http://www.dhamma.digital

# दानपारमिता

**वीर्यवती**
धर्मकीर्ति विहार
श्रीघः

Dhamma.Digital

प्रकाशकः
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
**श्रीघः नघः टोल**

Downloaded from http://www.dhamma.digital

प्रकाशक:

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

**श्रीघः नघः टोल**

*प्रति* : १५००

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५७

*टाइप सेटिङ :*
*गोबिन्द स्यूमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला*

मुद्रक :
**न्यू नेपाल प्रेस**

प्रधान कार्यालय :
नक्साल, नागपोखरी, काठमाडौं
फोन : ४३४८५०, ४३४७५३
फ्याक्स : (९७७-१) ४३३९२९

शाखा कार्यालय :
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

वीर्यवतीद्वारा नेपाली भाषामा सम्पादन गरिएको यस पुस्तक "दान पारमिता" लाई पाठकहरू समक्ष प्रस्तुत गर्न पाएकोले हामीलाई खुशी लागेको छ। बोधिसत्त्वको आदर्शमय चित्तलाई प्रस्तुत गरी नयाँ ढंगले लेखिएको यस पुस्तक सरल भाषामा लेखिएकोले पाठक वर्गले बुझ्न सजिलै होला भन्ने अनुमान गरेकी छु। यस पुस्तक अध्ययन गरी हामीले आ-आफ्नो चित्तमा पनि त्याग भावना समावेश गरी आचरण शुद्ध पार्न सकौं भन्ने शुभ कामना व्यक्त गर्दछु।

धर्मकीर्ति विहारका उपासक - उपासिकाहरूमा बुद्ध धर्म सम्बन्धि - पुस्तकहरू छपाउन लगाई दान गर्ने श्रद्धा चित्त बढ्दै गएको फलस्वरूप नै हामीले पुस्तकहरू प्रकाशन गरिरहन सफल भइरहेका छौं। त्यसैले यस पुस्तक प्रकाशनका लागि धर्मकीर्ति विहारबाट प्रकाशित पुस्तकका वार्षिक सदस्यको रुपमा ग्राहक भई सहयोग गर्नुहुने सहयोगी सदस्यहरूलाई धेरै धन्यवाद छ। यस "दान पारमिता" पुस्तक पनि सदस्य शुल्कबाट प्राप्त रकमबाट नै प्रकाशित भएकोले यस पुस्तक ती सदस्यहरूलाई निःशुल्क वितरण गर्नको लागि प्रकाशन गरिएको हो।

*धम्मवती*

*अध्यक्ष*

१ फागुण २०५७ धर्मकीर्ति विहार

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

यस "दान पारमिता" पुस्तक धर्मकीर्ति बिहारको आर्थिक सहयोगबाट प्रकाशित पुस्तक हो । पूज्य अश्वघोष भन्तेले उहाँको व्यस्तताको कारणले यस पुस्तक सम्पादन गर्ने कार्य मलाई सुम्पनु भई आवश्यक पुस्तकहरू उपलब्ध गराइदिनु भएको थियो । फलस्वरूप मैले यस पुस्तक लेख्ने मौका पाएँ । त्यसैले भन्तेप्रति मैले कृतज्ञता ज्ञापन गरेकी छु । यसको साथै यस पुस्तक प्रकाशनका लागि धर्मकीर्ति विहारबाट आवश्यक आर्थिक सहयोग प्रदान गरेको कारणले यस पुस्तक पाठक वर्ग समक्ष पुग्न सकेको हो । त्यसकारण धर्मकीर्ति विहारकी प्रमुख धम्मवती गुरुमांप्रति आभार व्यक्त गरेकी छु ।

बुद्ध बन्न प्रयासरत रहेका हरेक बोधिसत्त्वले आफ्नो चित्तलाई त्यागमय भावनाले पवित्र पार्न कोशिस गरिरहने अवस्थालाई दान पारमिता पुरा गरिरहेको अवस्था भनिन्छ । बुद्ध बन्ने व्यक्तिले पूरा गर्नुपर्ने दश पारमिताहरू मध्ये पहिलो पारमिता दान पारमिता हो । त्यसैले हामीले भन्न सक्छौं, आध्यात्मिक शान्ति प्राप्त गर्नको लागि सर्वप्रथम आफ्नो चित्तलाई त्यागमय भावनाले पखाल्नु पर्ने रहेछ ।

तर स्वार्थी भावनाले ग्रसित आजको समाजमा यस दानपारमिताको परिभाषा अनौथो लागी नपच्न सक्छ । हुन पनि दाजुभाई बिच पैतृक सम्पत्ति अंशबंडा गरिंदा एक इन्च जग्गा त्याग्नु पर्दा पनि ज्यान नै फाल्नु परेको जस्तो अनुभव गर्ने आजको समाजमा दानपारमिताको महत्त्व बुझ्न कठिन हुनु त स्वभाविक नै हो । फेरि

Downloaded from http://www.dhamma.digital

यही संसारमा अरुको हीतार्थ आफ्नै अमूल्य ज्यान सम्म पनि फाली निश्वार्थ भावनाले काम गर्ने व्यक्तिहरू पनि नभएका होइनन् । तर यस्ता बोधिचित्तले भरेका व्यक्तिहरू त ज्यादै कम मात्रामा मात्र भेट्टिन्छन् ।

जे होस् राम्रो र असल कार्यको वयान गर्न सजिलो भएपनि त्यसलाई व्यवहारमा उतार्न भने ज्यादै कठिन र दु:ख त अवश्य हुन्छ । तर निश्वार्थपूर्वक सत्यलाई अंगाली दु:खबाट चित्त विचलित नगरी कार्य गर्न सकेमा त्यसबाट प्राप्त हुने मानसिक शान्तिको रस अति नै मीठो हुने रहेछ भन्ने कुराको प्रमाण यस दान पारमिता पुस्तकमा उल्लेखित छ ।

यसरी बोधिसत्त्वले आफ्नो जीवनमा पूरा गर्नु भएका दानपारमिता बारे विभिन्न घटनाहरूलाई पुस्तक अध्ययन गरी सकेसम्म सरल रुपमा प्रस्तुत गरेकी छु । यसमा अज्ञानतावस केही गलतीहरू भएका हुन सक्छन् । यसको लागि पाठक वर्गहरूसंग क्षमा माग्दै सुझावको अपेक्षा राख्दछु ।

समयमै पुस्तक प्रकाशन गर्न सहयोग पुऱ्याउनु भएकोले न्यू नेपाल प्रेसलाई धन्यवाद ज्ञापन गरेकी छु ।

*वीर्यवती*
धर्मकीर्ति विहार
श्रीघ: न:घ:

२०५७ फागुण १ गते ।

Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| (१) | अकित्ति जातक | १ |
| (२) | सङ्खपाल जातक | ५ |
| (३) | कुरूधम्म जातक | ९ |
| (४) | महासुदस्सन जातक | १५ |
| (५) | निमि जातक | १८ |
| (६) | महागोविन्द जातक | २१ |
| (७) | खण्डहाल जातक | २७ |
| (८) | सिवि जातक | ४१ |
| (९) | सस जातक | ४९ |
| (१०) | वेस्सन्तर जातक | ५६ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# अकित्ति जातक

तक्षशीलामा शिल्प विद्या सिकेर फर्केका अकित्ति आफ्ना आमा बुबाको देहान्त पछि उनीहरूले छोडेर गएका ८० करोड पुर्ख्यौली धन सम्पत्तिका मालिक बने ।

एकदिन अकित्तिको मनमा कुरा खेल्न थाल्यो -"मेरो आमा बुबाले यत्तिका धन सम्पत्ति कमाएर गए । तर आज उनीहरू यस संसारमा छैनन् । उनीहरूले कमाएका धन भने सबैले देख्न सक्ने गरी बाकी रहेका छन् । मेरो आयु संस्कार पनि त क्षय हुँदैछ । अनि मैले पनि यी धनहरू मेरो साथमा बोकेर जान सक्ने अवश्य पनि होइन । अहो ! मैले गर्नु पर्ने मुख्य मुख्य कामहरू त अझै बाकी रहेका छन् । त्यसकारण यी धन सम्पत्तिको मोहमा मात्र भुलेर जीवन खेर फाल्नु राम्रो होइन ।"

यति सोची अकित्तिले आफ्नो परिवारको नाममा बाकी रहेकी आफ्नी प्यारी बहिनी यशवतीलाई बोलाई यसरी सोध्छन् -"बहिनी ! तिमीले यी सबै धन सम्पत्ति रक्षा गरेर बस्नु । म प्रव्रजित (त्यागी) बन्न हिंड्दैछु ।" आफ्नो दाजुको यस्तो कुरो सुनी यशवतीले भनिन् -"दाजु ! तिमीले किन यस्तो कुरा गर्दैछौ ? तिमीले थुकेको धनलाई मैले आफ्नो टाउकोमा थाप्न चाहँदिन । तिमीलाई यी धन सम्पत्तिको जरुरत छैन भने मलाई पनि यसको जरुरत छैन । म पनि तिमीसंगै प्रव्रजित जीवन बिताउन चाहन्छु ।"

बहिनीको इच्छा बुझिसकेपछि अकित्तिले खुशीसाथ आफ्ना सबै धन सम्पत्ति इच्छुक याचकहरूका लागि दानको



Downloaded from http://www.dhamma.digital

रुपमा त्याग गरी एक रमणिय स्थानमा गई आफ्नी बहिनी यशवती संगै प्रव्रजित भए। उनीहरूसंगै अन्य थुप्रै व्यक्तिहरू पनि प्रव्रजित भए। यसरी त्यस स्थानमा थुप्रै मानिसहरूको समूह र थुप्रै लाभ सत्कार बढ्दै गएको कारणले अकित्तिले आफ्नो मन एकाग्र गर्न सकेन। यसरी आफुले ध्यान लाभ गर्न नसकेको कारणले मन खिन्न भई अकित्तिले आफ्नी बहिनी यशवतीलाई समेत खबर नदिई त्यस स्थानलाई त्यागी एक अनकन्टार स्थानमा गई पर्णकुटी बनाई त्यहीं ध्यान गरेर बस्न थाले। त्यस स्थानमा फलफुल पाइने समयमा फलफुल खाई फलफुल नपाउने समयमा रुखका पातहरू मात्र भएपनि टिपी त्यस पातलाई उमाली खान थाले।

एकदिन रुखका पातहरू उमाली चीसो भएपछि (सेलाएपछि) खाउँला भनी पर्णकुटीको दैलोमा बसिरहेको बेला एक याचकले उनी समक्ष भिक्षा माग्न आए। त्यस्तो अनकन्टार ठाउँमा एक याचकलाई देख्ने बित्तिकै अकित्ति ज्यादै अचम्भित र प्रसन्न हुँदै सोच्न थाल्यो- "अहा ! यो त मेरो अहो भाग्य बन्दैछ। यस्तो अनकन्टार स्थानमा पनि एक याचकलाई दान दिन पाउनु नै मेरो दान पारमिताको एक तह माथि पुग्ने मौका हो यो। मैले दान दिएको पुण्य फल मलाई बुद्धत्त्व प्राप्त गर्ने हेतु बनोस्।" यति संकल्प गरी उसले आफुलाई भनी उमालेर राखेको रुखका पातहरू सबै त्यस याचकको भिक्षा पात्रमा खन्याइदिए।

यसरी दान दिन पाएकोले मन प्रीतिले भरेको कारण अकित्तिलाई भोक लागेको महशूस नै भएन। त्यसैले त्यस दिन उसले आफूले खानको लागि रुखको पात उमालेन। दिनभर निराहार रहे।



Downloaded from http://www.dhamma.digital

यसरी नै निराहार रही बुद्धत्त्व (बोधिज्ञान) प्राप्त गर्ने आशयमा रहेका बोधिसत्त्व अकित्तिले आफ्नो संकल्प पूरा गर्नको लागि लगातार तीन दिन सम्म आफ्नो खाना दान गर्दै रहे। अकित्तिको यस्तो त्यागमय स्वभाव देखेर अचम्म मानेका त्यस याचकले अकित्तिसंग प्रश्न सोध्न थाल्यो -"हे तपस्वी! गरम हावा चल्ने र खानाको समस्या भएको यस्तो अनकन्टार जंगलमा बसी तिमीले किन कष्ट उठाउँदै तपस्या गर्दैछौ?"

याचकको प्रश्नलाई उत्तर दिंदै तपस्वी अकित्तिले भन्यो -"बारम्बार जन्म लिइरहनु नै दुःख हो, शरीर नाश हुँदै गइरहनु पनि दुःख नै हो, त्यसैले मेरो मनमा यस लोकप्रति वैराग्य भाव जागी दुःखबाट अलग्ग बन्न सक्ने मार्ग पत्ता लगाई बुद्धत्त्व प्राप्त गर्ने हौसला जागेको छ। यही कारणले गर्दा मैले यस सांसारिक सुखबाट अलग्ग रही मुक्ति प्राप्त गर्ने आशय राखी ध्यान गर्दैछु।

यस संसारमा धेरैजसो मानिसहरू आफ्ना छोरा, श्रीमती, धनसम्पत्ति, तथा अरु प्रिय वस्तुहरू जति प्राप्त भएपनि त्यसबाट (भौतिक सम्पत्तिबाट) उनीहरूले सन्तुष्टी प्राप्त गर्न सकिरहेका छैनन्। उनीहरूको मन असीमित लोभले ग्रष्ट छन्। यसरी नै उनीहरूको मनमा यस्तो द्वेष (क्रोधी) भावनाले पनि ठाउँ ओगटेको छ, जुन भावना जाग्ने वित्तिकै आफुसंग रहेका खेत, सुनचाँदी, गाई, घोडा, तथा दासहरू जस्ता चल अचल धनसम्पत्तिहरू सबै नाश हुन सक्छन्। यस्तो खतराले युक्त भएका लोभ र द्वेष चित्तबाट अलग्ग भएर रहनको लागि मैले यहाँ बसी ध्यान गर्दैछु।



Downloaded from http://www.dhamma.digital

फेरि यस संसारमा थुप्रै मूर्ख व्यक्तिहरू छन्, जुन व्यक्तिहरू उल्टो बाटोमा लागी अनुचित कार्यमा लाग्ने गर्दछन्, उनीहरूको लागि दुष्कर्महरू राम्रो लाग्छ, उसलाई भलो हुने कुरा गर्दा पनि उसले उल्टो सोची नराम्रो ठान्ने गर्छ। त्यसैले त्यस्ता मूर्ख व्यक्तिलाई देख्न नै नपरोस्, उसको कुरा सुन्न नै नपरोस्, उसंग जीवन बिताउन नै नपरोस् भन्ने मनसाय राखी मैले यहँ बसी ध्यान गर्देछु।

मैले मेरो जीवन रहुञ्जेल सधैं आफ्नो मनको इच्छा पूर्ण हुने गरी दान दिनको लागि दान दिने बस्तु र दान लिने याचक यसरी नै प्राप्त गर्न सकुँ भन्ने मेरो ठूलो अभिलाषा छ। दान दिने समयमा मेरो मनमा कुनै पनि अनुताप नभई सधैं प्रसन्नता छाइरहोस् भन्ने पनि कामना गर्दछु।"

अकित्तिको यस्तो महान संकल्प सुनी याचक ज्यादै अचम्म मान्दै अकित्तिको असाधारण संकल्प पूरा होस् भन्ने कामना गरी फर्के।

अकित्तिले आफ्नो जीवनभर त्यहीं रही ब्रह्म्म विचारको ध्यान गर्दै त्याग चित्तलाई झन झन सुदृढ पार्दै बाकी जीवन सफलता पूर्वक बिताए।

तर अकित्तिको बहिनी यशवती भने आफ्नो दाजु विछोड भएको पीरले दाजुलाई खोज्दै विरह गर्दै ध्यान लाभ गर्न सकिनन्। ■

Downloaded from http://www.dhamma.digital

# सङ्खपाल जातक

ज्यादै सुन्दर र लायकको शरीर थियो उसको । उ यसरी बसिरहेको थियो, मानों राम्ररी गाँसिएको मालालाई मिलाएर पट्टाई राखिएको जस्तो देखिन्थ्यो । आँखाहरू जिञ्जुक फल समान थिए भने शीर जय सुमन समान थियो । यसरी उ ज्यादै नै सुन्दर देखिरहेको थियो । टाढाबाट हेर्दा एक सानो ढुंगा जत्रो देखिन्थ्यो उ ।

आफ्नो अल्याख भौतिक सुख सम्पत्ति र सुख ऐश्वर्य देखि विरक्तिएका संखपाल आफ्नो नाग योनीलाई त्यागी मनुष्य योनीमा जन्म लिई यस संसारको जन्म मरण चक्रलाई अन्त्य गर्न सक्ने बोधिज्ञान प्राप्त गर्ने संकल्पमा दृढ रहेका थिए । किनभने मनुष्य योनीको अतिरिक्त अरु कुनै पनि योनीका प्राणीले यो अमूल्य शक्ति प्राप्त गर्न असम्भव थियो ।

नाग भवनमा रहँदा उसले उपोसथ-व्रत पालन गर्न सकेन । शील भंग हुने गर्थ्यो त्यहाँको वातावरणमा रहँदा । त्यसबेला देखि उ नाग भवनबाट निस्केर कर्णपेण्ण नदीबाट पर महामार्ग र साना मार्गहरू बीच सर्पको गुफालाई घेरी उपोसथ व्रत पालन गरेर दान दिने चेतनाले युक्त भइरहे । उसको चित्त यसरी त्यागमय भावनाले उत्प्रेरित भइरहेको थियो-

"जसलाई मेरो छाला चाहिन्छ, उसले मेरो छाला लिएर गए पनि हुन्छ । जसलाई मेरो मासु चाहिन्छ, उसले मेरो मासु लिएर गएपनि हुन्छ ।"



Downloaded from http://www.dhamma.digital

यसरी उसले आफ्नो बलिदान गरी सर्प गुफाको मुख तर्फ रही, श्रमण धर्म पालन गरी चतुर्दशी तथा पुर्णिमाको दिन सम्म त्यहीं रही प्रतिपदाको दिन नाग भवन फर्किने गर्थ्यो ।

एकदिन जब उ यसरी नै शील पालन गरिरहेको थियो, तब त्यस समय सीमा प्रदेशका १६ जवान ग्रामवासी शिकारीहरू हातमा हतियार लिई शिकारको लागि जंगल पसे । जब उनीहरूले जंगलमा केही शिकार भेट्टाएनन्, तब उनीहरूले सर्प गुफामा रही आफ्नो शील पालन गरी त्याग चित्त राखी अधिष्ठानमा दत्तचित्त रहेका संखपाल नागराजालाई देखे । अनि उनीहरूले सोच्न थाले -"आज हामीलाई कुनै पनि शिकार प्राप्त भइरहेको छैन । त्यसैले हामीले यही नागर ाजालाई मारेर खानेछौं । तर यो धेरे ठूलो र अजङ्गको छ । यसलाई समात्ने बेला यो भाग्न पनि सक्छ । अब यो भाग्न नसक्ने तरीकाले उपाय निकाली यसरी बसिरहेको मौका पारी यसको टाउकोमा शूल (एक तीखो हतियार) ले रोपेर यसलाई दुर्बल पारी समात्न पर्‍यो ।"

संखपाल नागराजाले ती १६ जवान शिकारीहरूको पदचाप सुनी आफ्नो फणाबाट टाउको उठाई आफ्ना राता राता आँखा खोली आफूलाई समात्नका लागि हातमा शूल लिएर आइरहेका शिकारीहरूलाई हेर्दै सोचे -"आज मेरो मनोरथ पूर्ण हुने भयो । मैले आफ्नो बलिदान गरी दृढ संकल्प गरिसकको छु । यिनीहरूले जुन समयमा मेरो शरीरको शक्तिलाई कुटी टुक्रा-टुक्रा पार्नेछन्, तब मैले मेरो शरीरमा रहेका अपार शक्ति मध्ये कुनै पनि शक्ति प्रयोग गर्ने छैन



Downloaded from http://www.dhamma.digital

र यस कार्यको विरोध गर्ने छैन । उनीहरूले मलाई शास्ति गर्नेबेला मैले आफ्नो आँखाले सम्म पनि क्रोध चित्त राखी हेर्ने छैन ।"

यति विचार गरी आफ्नो शील भंग होला भन्ने डरले संखपाल नागराजाले आफुले उठाएको टाउको पनि विस्तारै फणाभित्र नै घुसाई चुपचाप आफ्नो शरीरलाई शिकारीहरू समक्ष सुम्पेर बसे ।

शिकारीहरू नागराजाको समिप पुगी उसको पुच्छर समाटी तानेर उसलाई जमीनमा खसाले । अनि तीखो शूलले नागराजाको शरीरका विभिन्न आठ ठाउँहरूमा घोपी प्वाल पारे । त्यही प्वालहरूमा काँटेदार वेंतका काठहरूले घोचे । अनि त्यही काठको आधारमा नागराजालाई बोकेर हिंडे । यसरी आफूलाई शूलले घोपेको बेला नागराजाले शिकारीहरूलाई एक पटक पनि क्रोधले भरेको आँखाले हेरेन । उसले आफ्नो सम्पूर्ण शरीर शिकारीहरूको हातमा अर्पण गरेको थियो । जब उसलाई शिकारीहरूले काँटेदार काठले घोपी बोकेर लगिरहेका थिए, तब उसको टाउको भुईंमा लत्रिएको थियो । अनि ती शिकारीहरूले नागराजाको नाकमा सानो शूलले प्वाल पारी त्यसमा डोरी पसाई डोरी समाती बोकेर लगे ।

जन्म मरण चक्रबाट मुक्ति मिल्ने बोधि ज्ञान (बुद्धत्त्व) प्राप्त गर्ने संकल्पमा दृढ रहेका शंखपाललाई आफ्ना धन सम्पत्ति र आफ्नो विशाल शरीरको कुनै लोभ लालच र महत्त्व रहेन ।



Downloaded from http://www.dhamma.digital

त्यस समय विदेह राष्ट्रको मिथिला नगरको आलार नाम गरेका गृहस्थ पाँचसय गाडाहरूका साथ आरामसंग गाडामा बसी गइरहेका थिए । उसले ती शिकारीहरूले बोधिसत्त्व शंखपाल नागराजालाई यसरी पीडा दिई शिकार को रुपमा लगिराखेको दृश्य हेर्न सकेन । त्यसैले उसले ती सबै सोह्र जवान शिकारीहरूलाई एक एक बयल, आधा आधा अञ्जुली भरि सूनका मासाहरू, ओढ्ने ओछ्याउने कपडा तथा उनीहरूका श्रीमतीहरूलाई समेत वस्त्रहरू र आभरणहरू दिई बिदा गरे । यसरी उसले शंखपाल नागराजालाई शिकारीहरूको बन्धनबाट मुक्त गरी अभय दान दिए ।

शंखपाल नागराजाले आफ्नो जीवन दातालाई आफुले सक्दो सेवा गरे । आलार गृहस्थले पनि शंखपाल नागराजाका आदर्शमय जीवनलाई प्रशंसा गर्दै उनीतर्फबाट थुप्रै आदर्शहरू सिकेर आफ्नो जीवनलाई राम्रो मार्गमा डोऱ्याए । ■

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# कुरुधम्म जातक

कुरु राष्ट्रको इन्द्रप्रस्थ नगरका राजा धनञ्जयको देहावसान पश्चात् राजा बनेका उनका छोराले दशराज धर्म पालन गरी कुरु धर्मानुसार आचरण गरे । पञ्चशीललाई नै कुरु धर्म पनि भनिन्छ । उनको आदर्शलाई अनुकरण गर्दै उनका माता, पटरानी, उपराजा (भाई), पुरोहित, जग्गा नाप्नको लागि डोरी समात्ने व्यक्ति, सारथी, सेंठ, द्रोण मापक, द्वार पाल र नगरशोभिनी आदि गरी त्यस देशमा जम्मा ११ जवान व्यक्तिहरूले इमान्दारी पूर्वक पाँच शीलहरू पालन गर्दै आएका थिए ।

यसरी पवित्रता पूर्वक शील पालन गरी शुद्ध आचरणले युक्त रहेका राजाले आफ्ना नगरका चारवटै द्वारहरूमा, नगरको बीचमा र निवास गृहको द्वार आदि गरी जम्मा ६ वटा स्थानहरूमा ६ वटा दानशालाहरू बनाई प्रतिदिन ६ लाख धन सम्पत्ति दान गरी सारा जम्बुद्वीपलाई तहल्का मच्चाइरहेका थिए। राजाको यस त्यागमय कार्य सारा जम्बुद्वीपमा प्रशिद्ध भइरहेको थियो । बुद्धत्त्व प्राप्त गर्ने कार्यमा दृढ संकल्परत रहेका राजाले आफूलाई आध्यात्मिक मार्ग प्राप्त गर्नका लागि नभई नहुने जगको रुपमा रहेको दान र शीलको तहलाई टेकी यसलाई पार गर्न कार्यरत थियो ।

त्यस समय कलिङ्ग राष्ट्रको दन्तपुर नगरमा कलिङ्ग राजाले राज्य गर्दै थिए । उसको राज्यमा वर्षा नभएको कारणले राष्ट्रमा अनिकाल पऱ्यो । दुर्बृष्टि-भय, अकाल-भय र रोग-भय आदि तीनवटा भयहरू फैलिए । राष्ट्रका यी



Downloaded from http://www.dhamma.digital

भयहरू हटाउन अमात्यहरूले राजालाई कुरु नरेशको अञ्जन वसभ नाम गरेको मङ्गल हात्ती ल्याउने सल्लाह दिए।

यो सल्लाह सुनी राजाले भन्यो -"कुरु नरेश त सेना तथा वाहनले युक्त र दुर्जय छ। त्यस्तो शक्तिशाली राजाको हात्ती हामीले कसरी ल्याउन सक्छौं र ?"

अमात्यहरूले भने -"महाराज ! त्यस राजा शक्तिशाली मात्र होइन, दानी पनि छन्। दान र शील पालन गरिरहेका त्यस धर्मात्मा राजासंग याचकहरूले मागेको खण्डमा आफ्नो अलंकृत शीर (टाउको) समेत काटेर दिन सक्छ। त्यति मात्र होइन उसले आफ्ना सुन्दर रहरलाग्दा आँखाहरू झिकेर समेत दिन सक्षम छ उ। आफ्ना सारा राज्य समेत त्यागन तयार छ उ। जाबो एउटा हात्तिको त के कुरा ?

राजाले भन्यो -"उसंग हात्ति कसले माग्न जान सक्छ त ?"

अमात्य - "महाराज ! ब्राह्मणहरू छँदै छन् नि। हजुर लाई के को पीर ?"

यति सल्लाह पाएपछि राजाको आदेशानुसार गाउँबाट आठजवान ब्राह्मणहरू झिकाइयो। उनीहरूलाई आवश्यक सत्कार सम्मान गरिसकेपछि कुरुराष्ट्रमा मंगल हात्ति माग्न याचकको रुपमा पठाइयो।

उता कुरु राष्ट्रमा कुरु नरेश नियमित रुपले दान कार्यमा सामिल हुन पुग्यो। कुरु नरेश बोधिसत्त्वले आफु चढेर आएको मंगल हात्तिबाट उत्रेर पूर्वद्वारको दानशालामा सात आठ जवान याचकहरूलाई आफ्नै हातले भोजन दान दिए। अनि यसरी नै दान दिनु भन्ने आदेश दिई आफ्ना



Downloaded from http://www.dhamma.digital

अनुयायीहरूलाई दान दिने जिम्मा सुम्पी उनी हात्तीमा चढी दक्षिण द्वारतर्फ अगाडि बढे । कलिङ्ग राष्ट्रबाट हात्ति माग्नका लागि आएका ब्राह्मणहरू पनि दक्षिण द्वार तर्फ एक अग्लो स्थानमा उभिरहेका थिए। जब राजाले वज्र अंकुशबाट हात्तीलाई रोकेर उनीहरू समक्ष पुगी "ब्राह्मणहरू हो । तिमीहरूलाई के चाहियो ?" भनेर सोध्यो तब ब्राह्मणहरूले भने -"हे जनाधीप । हामी त तपाइँले नै चढिराख्नु भएको अञ्जनवर्ण हात्ती माग्न आएका हौं ।"

उनीहरूको कुरा सुनी राजाले खुशीसाथ आश्वासन दिँदै भने -"अन्न, भृत्य, नोकर मध्ये जो कोही पनि होस् यिनीहरू मध्ये जुन मागेपनि यदि त्यो उद्देश्य अनुरुप छ भनें यी व्यक्तिहरू र वस्तुहरू दान दिने कार्यलाई इन्कार गर्न योग्य छैन । यो त हाम्रो पूर्वाचार्यहरूको वचन हो । त्यसैले हे ब्राह्मणहरू हो । मैले तिमीहरूलाई राजाहरूलाई मात्र योग्य भएको राज परिभोग्य, यशस्वी, अलंकृत तथा सुवर्ण जालीले ढाकिएको हात्ती दान दिँदैछु । हात्ती संग संगै यसको सारथीलाई पनि दान दिँदैछु । तिमीहरूलाई जहाँ लान मन लाग्छ लिएर जान सक्छौ ।"

यसरी हात्ती माथि बस्दा बस्दै नै बोधिसत्त्व कुरु नरेशले आफ्नो वचनले हात्ती दान दिए। फेरि हात्तिबाट तल ओर्लिएर "यदि हात्तीको शरीरको कुनै भाग अलंकारले सजाउन बाकी छ कि भनी तीन पटक हात्तीलाई प्रदक्षिणा गरी हेरे । तर हात्तीको शरीरमा अलंकृत गर्न बाकी स्थान नभेटिएपछि खुशी हुँदै हात्तीको सूंडलाई ब्राह्मणको हातमा सुम्पेर सुवर्ण भारीले सुगन्धित जल खन्याई याचकहरूलाई हात्ती दान



Downloaded from http://www.dhamma.digital

दिए । ब्राह्मणहरूले सारथी सहित हात्ती स्वीकार गरे । अनि हात्ती माथि बसी दन्तपुर नगर पुगे । त्यसपछि कलिंग राष्ट्रका नरेशलाई मंगल हात्ती हस्तान्तरण गरी उनीहरू फर्के ।

तैपनि दन्तपुर नगरमा पानी परेन । हरेश खाएका राजाले आफ्ना अमात्यहरूसंग यसको कारण सोद्धा उनीहरूले भने -"महाराज ! कुरु नरेशले कुरुधर्म (पञ्चशील) पालन गरिरहेको छ । त्यसकारण कुरु राष्ट्रमा पन्ध्र - दश दिन भित्र वर्षा हुने गर्छ । यसरी राष्ट्रमा मंगल भइरहनु राजाकै गुणहरूको प्रताप हो । यस हात्तीमा गुण भएपनि आखिर कति नै गुण हुन सक्छ र ?"

राजाले अमात्यहरूको सल्लाह मानी आफ्ना ब्राह्मणहरू र अमात्यहरूलाई खटाई कुरु राजा समक्ष हात्ती फिर्ता दिई सुनका पाताहरूमा कुरु धर्म लेखाएर ल्याउने आदेश दिए ।

आफू समक्ष कुरु धर्म लेखाएर लानको निमित्त आएका दन्तपुरका ब्राह्मणहरू र अमात्यहरूलाई कुरु नरेशले अलि अप्ठयारो मान्दै भने -"तात ! मैले कुरु धर्म पालन गरिरहेको त अवश्य हो । तर कार्तिक महिनाको एक दिन कार्तिकोत्सव मनाइरहेको बेला मैले चारौं तर्फ वाण चलाएको थिएँ । यसरी कार्तिकोत्सवको उपलक्षमा चलाइएका ती बाणहरू मध्ये एउटा बाण देखा परेन । त्यो बाण तलाऊमा फ्याँकिएको थियो । तीन दिशा तर्फको बाण मात्र देखा परियो । त्यसकारण मेरो मनमा यस्तो अन्दोल हुन थाल्यो - (कहिं मैले तलाउतर्फ फ्याँकेको बाणले माछाको शरीरमा घोपी माछा त मरेन ? यदि माछा मरेको भए मेरो शील भंग हुने



Downloaded from http://www.dhamma.digital

भयो) यसरी मेरो मनमा समय समयमा यस कुरोले पिरोल्ने गरेको छ। त्यसैले मैले पालन गरिरहेको शीलले मेरो चित्त बुझाउन सकेको छैन। मैले पालन गरिरहेको कुरु धर्मप्रति मलाई नै शंका लाग्न थालेको छ। तर मेरी आमाले भने राम्ररी शुद्ध रुपले पञ्चशील अर्थात कुरु धर्म पालन गरिरहनु भएको छ। त्यसकारण तपाईंहरू उहाँ समक्ष जानुभई कुरु धर्म लेखाएर लानु भएमा बेश हुनेछ।"

राजाको यस्तो कुरो सुनी ब्राह्मणहरूले भने- महाराज! बाण चलाउनु भएको बेलामा तपाईंको मनमा जीवहिंसा गर्छु भन्ने चेतना नै छैन भने यसलाई जीवहिंसा भन्न मिल्दैन। शंका मात्र लाग्दैमा कुरुधर्म पालन बिग्रिएको भन्न मिल्दैन। शंका मात्र लागे पनि शील भंग भएको मान्नुहुने तपाईं जस्तो पवित्र व्यक्तिबाट अरु कुन पापकर्म हुन सक्ला र? त्यसैले हामीले तपाईंको तर्फबाट पनि कुरु धर्म लेखेर लान चाहन्छौं। कृपया तपाईंले हामीलाई कुरुधर्म सिकाइदिनुहोस्।" यसरी प्रार्थना गरेपछि राजाले बाध्य भई ल लेख्नुस् त भन्दै सुनको पातामा कुरुधर्म यसरी लेखायो-

(१) प्राणीहिंसा नगर्नु (२) चोरी कार्य नगर्नु।

(३) कामभोग सम्बन्धि मिथ्याचार नगर्नु

(४) झूठो कुरो नगर्नु र (५) मद्यपान नगर्नु।

यसरी कुरुधर्म लेखाइसकेपछि पनि राजाले उनीहरूलाई राजमाता समक्ष कुरुधर्म सिक्न पठाए। राजमाताले पनि आफ्नो कुरुधर्म पालन गराईमा अन्दोल भएको कारणले पटरानी कहाँ पठाइन्। यसरी नै विभिन्न कारणहरू देखाई एकले अर्को समक्ष कुरुधर्म लेखाउन पठाउँदा क्रमशः



Downloaded from http://www.dhamma.digital

राजाबाट, राजमाता, पटरानी, उपराजा, पुरोहित, जग्गा नाप्नको लागि डोरी समाट्ने व्यक्ति, सारथी, सेंठ, द्रोणमापक, द्वारपाल र नगरशोभिनी समेत गरी जम्मा ११ जवान व्यक्तिहरूसंग कुरुधर्म सुनको पातामा लेखाएर लगी दन्तपुर पुगेर कलिंग नरेशलाई सुनको पाता सुम्पेर सबै हालखवर सुनाए ।

त्यसपछि कलिङ्ग नरेशले पनि कुरुधर्म पालन गरी आफ्नो आचरण सुधारे पछि कलिङ्ग राष्ट्रमा वर्षा भयो । खूब पैदावार पनि भयो ।

बोधिसत्त्व कुरुनरेशले पनि बुद्धत्त्व प्राप्त गर्ने आफ्नो संकल्पलाई अगाडि सारी आफ्नो जीवन पर्यन्त दान आदि पुण्य गरी आफ्नो जीवन सफल पारे । ■

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# महासुदस्सन जातक

ताडवनमा बिछ्याइएको सात रत्नहरूले जडिएको सैय्यामा दाहिने कोल्टे फेरेर लेटिरहेका महासुदस्सन राजालाई हेर्दै उनकी रानी सुभद्रा देवीले ज्यादै शोकाकूल बन्दै भनिन् - "देव ! तपाईंका चौरासी नगरहरू छन्, जसको राजधानी कुशावती नगर हो । यसलाई सम्झनुस् महाराज ! यसरी बेकारमा बहुमूल्य नगरहरूलाई बिर्सेर त्यागने विचार नगर्नुस् । यी नगरहरूलाई प्रेम गर्नुस् ।" आफ्नी रानीको यस्तो कुरो सुनी राजा महासुदस्सनले आफ्नो त्यागमय पवित्र चित्तलाई विचलित नगरी भन्न थाल्यो -"देवी ! यस्तो कुरा नगर । यस्तो बेकारको कुरो गर्नुको बदला तिमीले मलाई यसरी उपदेश दिने गर्नु राम्रो हुनेछ -सांसारिक भोग सम्पत्तिहरूमा प्रेम नगर्नु, यिनीहरूमा उपेक्षा भाव राख्नु, र यिनीहरूमा आफ्नो मन आशक्तिवस टाँस्न नदिनुस् आदि आदि ।" राजाको तर्फबाट यसरी त्यागमय भावले भरिएको कुरा सुनी रानीले यसको कारण सोधिन् -"किन महाराज ?" उत्तर आयो -"आज मेरो मृत्यु दिवश हो ।"

यो सुनी रानीले रुँदै आँखाबाट आँसु पुछ्दै राजालाई सम्झाउने कोशिस गरिन् र रुन कराउन थालिन् । रानीको विलाप देखी अरु पनि थुप्रै महिलाहरू र अन्य व्यक्तिहरू पनि रुँदै विलाप गर्न थाले ।

यो दृश्य देखी बोधिसत्त्व महासुदस्सनले भन्न थाल्यो - "भयो नरुनु तिमीहरू । देवी ! तिमी पनि नरुनु । नकराउनु । तिमीहरूले रुनु अगाडि यति जानिराख । यस संसारमा कुनै



Downloaded from http://www.dhamma.digital

पनि चीजबस्तु र प्राणीहरू नित्य छैनन् । तीलको गेडा जति पनि संस्कार नित्य छैन । सबै संस्कार अनित्य छन् र नाशवान् छन् ।" यति भन्दै राजाले यस गाथा प्रस्तुत गरे-

अनिच्चा वत संखारा उप्पाद वय धम्मिनो
उप्पज्जित्वा निरुज्झन्ति तेसं वूपसमो सुखो ॥

अर्थ- संस्कार अनित्य छ । उत्पन्न हुनु र निरोध हुन नै यसको धर्म हो । यसले उत्पन्न भई निरोध प्राप्त गर्दछ । यसको उपशमन सुख हो ।

अनिच्चावत संखारा, भद्रे ! सुभद्रा देवी ! जति पनि प्रत्ययहरूले बनेका स्कन्ध आयतन आदि संस्कारहरू छन्, ती सबै अनित्य नै छन् । यसमा रुप, विज्ञान र सबै धर्म अस्तित्त्व अनित्य छन् । त्यति मात्र होइन, जति पनि सविज्ञान र अविज्ञान रत्नहरू छन्, तिमीहरू पनि सबै अनित्य नै छन् । त्यसैले तिमीहरूले पनि सबै संस्कार अनित्य रहेको कुरालाई बुझ्ने कोशिस गर । उप्पाद वय धम्मिनो अर्थात् उत्पन्न हुने जति पनि चीज वस्तु र प्राणीहरू छन्, ती सवै वय अर्थात् खर्च हुदै नाश भइरहेका छन् । उप्पज्जित्वा निरुज्झन्ति अर्थात् उत्पन्न हुँदै स्थितीलाई प्राप्त गरेपछि यस संसारका ती चीजबस्तु र प्राणीहरूले आखिरमा गई निरोध नै प्राप्त गर्छन् । उत्पन्न भएकोलाई स्थिति भनिन्छ । स्थिति भएपछि 'भङ्ग" हुनेछ । जसको उत्पन्न नै हुँदैन त्यसको स्थिति पनि हुँदैन, जसको स्थिति नै हुँदैन, त्यसको भंग पनि हुँदैन । यसरी सबै संस्कारले तीन लक्षणहरू- उत्पत्ति, स्थिती र भङ्ग प्राप्त गरिरहेका हुन्छन् । त्यसैले पनि तिमीहरूले यसरी नै बुझ्ने गर- संसारमा सबै जीवित र निर्जीव वस्तु प्राणीहरू



Downloaded from http://www.dhamma.digital

अनित्य छन्, क्षणिक छन्, परिवर्तनशीलछन् , अध्रुव छन्, भङ्ग हुँदै जान्छन्, अस्थिर छन्, कम्पनशील छन्, ...........केही समयको लागि मात्र हुन्, निस्सार छन् आदि आदि" यो संसार माया समान हुन्, मृग तृष्णा समान हुन्, पानीको झाग समान् हुन् । भद्रे । सुभद्रा देवी । यस्तो मृग तृष्णा समानको संसारमा तिमीले के देखेर किन सुख ठान्दैछौ ? त्यसैले तिमीले यसरी सम्झने कोशिस गर- तेसं वूपसमो सुखो अर्थात् सवै संसार चक्र निवारण भएपछि मात्र बल्ल सबै शान्त हुनेछ । यसको अर्थ नै निर्वाण हो । साँच्चिकै भन्ने हो भने यही नै एक मात्र साँचो सुख हो । यो बाहेक अर्को सुख छैन ।

यसरी महासुदस्सन महाराजाले निर्वाण (मुक्ति) सम्वन्धि उत्कृष्ट धर्म देशना गरी सांसारिक सुखलाई साँचो सुख भनी भ्रममा परिरहेका रानी सहित अन्य व्यक्तिहरूलाई साँचो सुख आध्यात्मिक सुखको महत्त्व बताए । त्यसपछि त्यहाँ रहेका जन समूहलाई दानको महत्त्व बताउँदै दान दिने गर्नु, सदाचारी बन्नु, उपोसथ ब्रतपालन गर्नु भन्ने उपदेश दिदै देहावसान भए । ■



Downloaded from http://www.dhamma.digital

# निमि जातक

आफ्नी रानीको कोखबाट जन्मेका सुन्दर बालकलाई नियाल्दै हर्षले प्रफुल्ल भएका मिथिला नरेशले ज्योतिषविदहरूको तर्फबाट आफ्नो प्यारो राजकुमारको लक्षण पत्ता लगाई सकेपछि विचार गरे- "मेरो छोरो त रथ चक्रको नेमि जस्तै मेरो वंशलाई चालू राख्नको लागि जन्म लिएको रहेछ । त्यसैले यसको नाम नेमि कुमार राख्नु नै ठीक हुनेछ ।

यसरी राजकुमारको नाम नेमि कुमार नै रहन गयो । ज्योतिषविदहरूले पत्ता लगाएको लक्षणलाई प्रष्टयाउँदै बालक राजकुमारले बचपन देखि नै दान, शील र उपोसथ कर्म पालन गर्ने कार्यमा रुचि देखाउन थाल्यो ।

राम्रो आचरणले युक्त भएका आफ्नो छोरोसंग सन्तुष्ट र प्रसन्न रहेका राजाले आफ्नो राजकीय जीवन खूब सुखपूर्वक बिताए । फलस्वरूप समय बितेको पत्तो भएन ।

एकदिन नाउले मिथिला नरेशको कपाल काटेको बेला अचानक कालो कपालहरूको बिच एउटा सेतो कपाल फुलेको देख्ने वित्तिकै राजाको आज्ञानुसार त्यस कपाल राजाको हत्केलामा राखिदिए । आफ्नो सेतो कपालले आफू बूढो भएको संकेत जनाइरहेको कुरोलाई नकार्न सकेन बिचरो राजाले । मनमा वैराग्य भावना जगाउँदै आफू बूढो भएको संकेत देखाइदिने नाऊलाई धन्यवाद दिँदै एक गाउँनै पुरस्कार स्वरूप बक्स दिए । त्यसपछि आफ्नो छोरोलाई राज्य सुम्पेर आफु आम्रवनमा प्रव्रजित हुन पुगे ।



Downloaded from http://www.dhamma.digital

यसरी आफ्ना बुबा मिथिला नरेशले आफुलाई राज्य सुम्पेर गएपछि नेमि राजाले आफ्नो बालक काल देखिको दान दिने इच्छालाई अझ तीब्र पारी देशका चारवटा नगर द्वारहरू र नगरको वीचमा गरी पाँचवटा दानशालाहरू तयार पार्न लगाए। आफ्नो राज्य र आफ्ना शरीर भन्दा पनि प्रिय लागेको बोधिज्ञान प्राप्त गर्ने संकल्प गरेका बोधिसत्त्व नेमी राजाले दान पारमिता पूरा गर्ने हेतुले आफुले तयार पार्न लगाएका पाँच वटै दानशालाहरू मध्ये प्रत्येक दानशालामा एक एक लाख काषार्पणको हिसावले प्रतिदिन पाँच-पाँच लाख कार्षापण दान गरे। प्रतिदिन उसले पाँचवटा शील नियमहरू पालन गरी आफ्नो आचरण सुधार्न सफल भए। पक्षको दिनहरूमा उपोसथ व्रत पालन गरी आफ्ना जनताहरूलाई पनि दानादि पुण्य कर्महरू गरी आ-आफ्ना आचरण सुधार्दै लाने कार्यमा प्रेरित गर्न थाल्यो। त्यति मात्र होइन उसले आफ्ना जनताहरूलाई राम्रो काम गरे राम्रै फल प्राप्त हुने र नराम्रो काम गरे नराम्रै फल भोग्नु पर्ने कर्म र कर्मफल विषयमा राम्ररी उपदेश दिनथाले। राजाको यस्तो धार्मिक कार्यले गर्दा जनताहरूको आचरण सुध्रिन थाल्यो। फलस्वरूप देशमा अन्याय अत्याचार, भ्रष्टाचार, चोरी, डकैटी र स्वार्थीभावना जस्ता कुकर्महरू हटी जनताको जीवन सुखमय हुन पुग्यो। यसको मुख्य कारण नै नेमी राजाको उपदेश भएकोले जनताले आफ्नो सुखी जीवनको श्रेय नेमी राजालाई दिन थाले।

यसरी जबदेखि कुशलार्थी पण्डित नेमी राजाको जन्म भयो, त्यसबेला देखि सबै विदेहका राजाहरूले दान दिने कर्म



Downloaded from http://www.dhamma.digital

सिक्न थाले । एकदिन दान दिइरहेको समयमा नेमी राजाको मनमा एउटा शंका उत्पन्न हुन थाल्यो- "दान दिने र ब्रह्मचर्य पालन गर्ने आदि यी दुई कार्यहरू मध्ये कुनचाहिँ कार्यको फल बढि होला ?

यसरी शंका उब्जिरहेको बेला एक व्यक्तिले राजाको शंका निवारण गर्दै यसरी उपदेश दिए-

"महाराज ! दान भन्दा पनि ब्रह्मचर्य नै श्रेष्ठ र फलदायी छ । तैपनि यी दुवै कार्यहरू महापुरुषहरूका लागि नभई हुँदैन । त्यसैले हरेक महापुरुषले आफ्नो जीवन उच्च र उन्नति पथमा लगी सफलता हासिल गर्नको लागि दान दिने र ब्रह्मचर्य पालन गर्ने कार्यमा होश राखी निरन्तरता दिन सक्नु पर्दछ ।"

महाराजा नेमीले यस उपदेशलाई मनन गरी बुद्धत्त्व प्राप्त गर्ने आफ्नो संकल्पलाई पूरा गर्ने मनसायलाई अगाडि सार्दै आफ्नो जीवन रहुञ्जेल सम्म दान कार्यलाई निरन्तरता दिई ब्रह्मचर्यलाई पनि होशपूर्वक पालन गर्दै आफ्नो जीवन सफल पार्न सक्षम भए ।

यसरी बुद्धिमान राजाका प्रजागणले पनि आफ्नो राजाको आदर्शलाई मनन गर्दै उनीहरूले पनि आफ्नो सामर्थ्य अनुसार दान र शील (शुद्ध आचरण) लाई पालन गर्दै जीवन सफल पारे । ■



Downloaded from http://www.dhamma.digital

# महागोविन्द सुत्तन्त (महागोविन्द जातक)

आफ्नो राज्यका राजपुरोहित गोविन्द ब्राह्मणको असामयिक निधनले गर्दा ज्यादै अपशोच पारेको थियो राजा दिसम्पतिलाई । शोकले विह्वल हुँदै विलाप गरिरहेका राजालाई युवराज रेणुले यसरी विन्ति गरे- "देव ! गोविन्द ब्राह्मणको मृत्यु भयो भन्दैमा तपाइँले त्यति धेरै शोक र विलाप गरिरहनु आवश्यक छैन । संसारको नियम अनुसार राजपुरोहित पनि अनित्य भएर जानु भयो । उहाँको कार्यलाई कुशलतापूर्वक गरिदिने व्यक्ति हाम्रै अगाडि छन् । राजपुरोहित गोविन्द ब्राह्मणका पुत्र जोतिपाल मानव उनका पिता भन्दा पनि धेरै पण्डित छन् र अर्थदर्शी पनि छन् । जुन अर्थानुशासनका काम जोतिपालका पिताले गर्दथे सो काम जोतिपाल माणवले पनि गर्न सक्छन् ।"

युवराजको सल्लाह उचित ठानी राजा दिसम्पतिले जोतिपाल माणवलाई बोलाउन पठाई उसलाई उनका पिता गोविन्द ब्राह्मणको आसनमा अभिषिक्त गरी पैत्रिक स्थानमा राखे । राजपुरोहितको पदमा अभिषिक्त भएपछि पैत्रिक स्थानमा बसी जोतिपाल माणवले आफ्ना पिता गोविन्द ब्राह्मणको अनुशरण गरी सबैलाई सन्तुष्ट पार्दै काम गर्न सफल भए । त्यसैले मानिसहरूले भन्न थाले- "यी गोविन्द ब्राह्मण त महागोविन्द ब्राह्मण नै रहेछन् ।" यसरी जोतिपाल माणवको नाम नै "महागोविन्द" रहन गयो ।

महागोविन्द (जोतिपाल माणवक) युवराज रेणु लगायत राजा दिसम्पतिका अन्य ६ जवान राजकुमारहरूका मित्र



Downloaded from http://www.dhamma.digital

थिए । एकदिन दूरदर्शी महागोविन्दले आफ्ना मित्रहरू ६ जवान क्षत्रीय राजकुमारहरूको भविष्य वारे यसरी सोच्न थाल्यो -“दिसम्पति राजा जराजीर्ण र बुढा भइसक्यो । यस अनित्य जीवन वारे कसलाई के थाहा छ र ? राजाको मृत्यु पछि राज्यकर्ताहरूले स्वत: रेणु राजपुत्रलाई राज्य दिनेछन् । अनि बाकि रहेका ६ जवान राजकुमारहरूको दुर्दशा हुनेछ ।” यति सोची महागोविन्द पुरोहित ती ६ जवान राजकुमार हरूलाई उनीहरूको भविष्य सुरक्षा गर्नको लागि कुरा गर्न रेणु राजपुत्र (युवराज) समक्ष जाने सल्लाह दिए ।

६ जवान राजकुमारहरूले महागोविन्दको सल्लाह मनासिव सम्झि आफ्ना दाजु रेणु राजपुत्र समक्ष पुगेर महागोविन्दको सल्लाह वमोजिम कुरा गरे-“दाजु ! हामी तपाइँका सहायकहरू हौं । तपाइँको सुख, दु:ख हाम्रो पनि सुख दुख हो । बुबा वयो वृद्ध भइसक्नु भयो । अनित्य जीवनको केही ठेगान छैन । भविष्यमा राजाको मृत्यु पश्चात् राज्यकर्ताहरूले तपाइँलाई राज्य दिन सक्छन् । यदि तपाइँले राज्य पाउनु भयो भने हाम्रो पनि भविष्यको ख्याल राखी हामीहरूलाई पनि राज्य बाँडिदिन नभुल्नुस् ।”

भाईहरूको यस्तो कुरो सुनी रेणु राजपुत्रले भने-“मेरो राज्यमा तिमीहरूले नै सुख नपाए अरू कसले सुख पाउँछन् र ? यदि मैले राज्य पाँए भने तिमीहरूलाई पनि राज्य बाँडि दिनेछु । तिमीहरूले यसको पीर लिनु नै पर्दैन । निर्धक्क भए हुन्छ ।”

केहि समयको अन्तरालमा महागोविन्दको दूरदर्शीता साँचो घटनामा परिवर्तन हुन थाल्यो । राजा दिसम्पतिको मृत्यु पश्चात्



Downloaded from http://www.dhamma.digital

राज्य कर्ताहरूले रेणु राजपुत्रलाई राज्याभिषेक गरे। तर राज्य हातमा लिइसके पछि रेणु राजाले पञ्चकामगुणहरू भोग गर्न थाले। पञ्चकाम सुखमा भुल्न थालेका राजा रेणुले आफ्ना भाईहरूलाई दिएको वचन भुल्न थाल्यो।

यो देखी महागोविन्द बोधिसत्त्वले ६ जवान राजकुमारहरू समक्ष गई होश दिँदै भन्न थाल्यो-"दिसम्पति राजाको मृत्यु भइसक्यो। रेणु राजपुत्र राज्यद्वारा अभिषिक्त भई पञ्चकाम सुखहरू भोग गर्दैछन्। कसलाई थाहा छ र यी काममदका कुरा। चित्त भनेको क्षण क्षणमा परिवर्तन भइरहेका हुन्छन्। त्यसैले तपाइँहरूले आफ्नो भविष्य सुरक्षित राख्नका लागि जति सक्यो त्यति चाँडो रेणु राजा समक्ष गई तपाइँहरूको अधिकार माग गर्न जानुहोस्।"

महागोविन्दको सल्लाहलाई स्वीकार गर्दै राजकुमारहरू सबै आफ्ना दाजु राजा रेणु समक्ष गई उनले पहिला दिएको वचन सम्झाउन पुगे।

राजकाज सम्हाली राज्यको पञ्चकाम सुखमा भुलेर बसेका राजा रेणुले भाईहरू आई आफ्नो वचन सम्झाउने वित्तिकै झल्यांस निन्द्राबाट बिउँझिएको व्यक्ति जस्तै होशमा आए। अनि उसले आफ्नो गल्ती स्वीकार्दै भाईहरूलाई राज्यको सम्पत्ति बाँडफाँड गरिदिने निर्णय गरे।

उत्तरमा फराकिलो र दक्षिणमा गाडाको मुख जस्तै साँगुरो भएको राज्यलाई बरावरी सात भागमा बाँड्न सक्षम व्यक्ति महागोविन्द बाहेक अरू व्यक्ति ठहरिएन। त्यसैले राज्य सम्पत्ति बाँडफाँड गर्नको लागि महागोविन्द राजपुरोहितलाई निमन्त्रणा गरियो।



Downloaded from http://www.dhamma.digital

महागोविन्दले पनि सबैलाई चित्त बुझ्ने गरी राज्यलाई ७ भागमा बाँडफाँड गरिदिए। यस कार्यले गर्दा महागोविन्दलाई राजा रेणु सहित सबैले मन पराए । उनी सबैको लोकप्रिय बन्दै गए। महागोविन्दले सात क्षत्री राजाहरू लगायत सात महाधनी महासाल ब्राह्मणहरू र सातसय स्नातकहरूलाई शिक्षा पढाउन थाले ।

यसरी महागोविन्द बोधिसत्त्वको यशकीर्ति झन झन फैलिन थाल्यो । उनको शक्ति र क्षमतालाई अनुभव गर्ने व्यक्तिहरूले यसरी उनको प्रशंसा गर्नथाले -"महागोविन्दले त ब्रह्मालाई पनि देख्न सक्छन्, उनले ब्रह्मासंग छलफल गरी सल्लाह लिन सक्छन् ।"

मानिसहरूले आफुलाई यसरी प्रशंसा गरेको सुनी महागोविन्दले यसरी सोच्नथाल्यो -"मैले त अहिले सम्म ब्रह्मालाई देखेको र छलफल गर्न पाएको पनि छैन। वयोबृद्ध आचार्य प्राचार्य ब्राह्मणहरूका कथन अनुसार त जसले वर्षादको चार महिना सम्म एकान्तमा बसी करुणा चित्त राखी ध्यान गर्छ, उसले ब्रह्मालाई देख्न र छलफल गर्न सक्नेछ, ब्रह्मासंग आवश्यक सरसल्लाह समेत लिन सक्नेछ भनिन्छ । त्यसैले मैले पनि अब आउने वर्षादको चार महिना सम्म एकान्त स्थानमा बसी करुणाचित्त राखी ध्यान गर्नेछु। मनुष्यहरूसंगको ममत्त्व छाडी एक्लै बसी करुणा चित्त राखी ध्यान गर्दै क्लेश रुपीगन्धहरूबाट मुक्त भई, मैथुनबाट विरत भई रहनाले अमृतरुपी ब्रह्मलोकमा पुग्न सकिन्छ भनी विद्वानजनहरूले भन्ने गर्छन्। त्यसैले क्रोध, मुसावाद, मित्रद्रोह, कंजुस, अभिमान, इर्ष्या, इच्छा, मात्सर्य, परपीडा, लोभ, मद, दोष तथा मोह



Downloaded from http://www.dhamma.digital

आदिबाट विमुक्त भई ब्रह्मलोक पुग्नको लागि त मैले घर त्यागी प्रव्रजित हुनु नै राम्रो हुनेछ ।"

यति विचार गरी महागोविन्द बोधिसत्त्वले क्रमैसँग रेणुराजा, ६ जवान राजकुमारहरू, सातजवान ब्राह्मणहरू, सातसय जवान स्नातक ब्राह्मणहरू र भार्याहरूसंग पनि प्रव्रज्या ग्रहण गर्नको लागि अनुमति लिन गए ।

प्रव्रज्या ग्रहण गर्नका लागि अनुमति लिन आएका महागोविन्द राजपुरोहितलाई सबैले प्रव्रजित नहुनका लागि अनुरोध गरे । तर महागोविन्दको ब्रह्मलोक पुग्ने दृढ संकल्पलाई कसैले रोक्न सकेन। बरु महागोविन्दको संकल्पको अगाडि सवैले शीर झुकाई अनुमोदन गर्न बाध्य भए । महागोविन्द को अनुयायी बन्दै तिनीहरूपनि करुणा चित्त राखी ध्यान गर्न प्रव्रजित जीवन विताउने निधो गरे उनीहरू सबैले ।

केही दिन पछि केश, दाढी काटी काषाय वस्त्र धारण गरी महागोविन्द ब्राह्मण घर त्यागी अनगारिक प्रव्रजित भए । महागोविन्द प्रव्रजित भएपछि सात जवान क्षेत्री राजाहरू, सातजवान ब्राह्मण महाशालहरू, सात सय स्नातक ब्राह्मणहरू, समजातीय चालीस भार्याहरू, अनेक सहस्र क्षेत्रीहरू, अनेक सहस्र ब्राह्मणहरू, अनेक सहस्र गृहपतीहरू तथा अनेक स्त्रीगारहरूबाट अनेक स्त्रीहरूले पनि केश खौरी काषायवस्त्रहरू धारण गरी महागोविन्द ब्राह्मणको अनुगमन गरी प्रव्रजित भए ।

महागोविन्दले चारौंतर्फको (चार दिशा, माथि र तल गरी दुई दिशा समेत) ६ वटा दिशाहरूको सबै लोकहरूमा



Downloaded from http://www.dhamma.digital

मैत्री चित्त, अवैर तथा अद्वेष (क्रोध रहित) चित्त फैलाई सफलततापूर्वक जीवन बिताइरहे। मैत्रीको साथसाथै उसले करुणा, मुदिता (अरुको सफलतामा हर्षित हुने) र उपेक्षा (तटस्थ भाव) सहगत चित्त फैलाई विहार गर्न सफल भएका थिए। उनले आफ्ना श्रावकहरूलाई पनि यसरी नै चतुब्रह्म विहार गरी उत्तम र पवित्र जीवन बिताउन उपदेश दिने गर्थे।

यसरी त्यसबेला महागोविन्दको चतुर्ब्रह्म विहार (मैत्री, करुणा, मुदिता र उपेक्षा) को सत्यताले उ निकै लोकप्रिय बन्न सफल भए। भनिन्छ, जुन जुन गाउँ, निगम तथा राजधानीहरूमा महागोविन्द ब्राह्मण जान्थे, त्यहाँ त्यहाँ उनी राजाहरू मध्ये पनि राजा समान, ब्राह्मणहरूमध्ये उच्च तहको ब्राह्मण समान तथा गृहस्थहरूका देवता समान हुन्थे। यसरी महागोविन्द ब्राह्मणको निष्कपट र निस्वार्थ व्यवहार देखि प्रभावित जनसमुदायहरूमा कसैलाई हाच्छ्यूँ आउदाँ वा ठेस लाग्दा समेत उनीहरूले महागोविन्द ब्राह्मणको गुण स्मरण गर्दै उनलाई नमस्कार गर्न पुग्थे।

यसरी महागोविन्द ब्राह्मणले आफु सहित आफ्ना थुप्रै अनुयायीहरूको जीवन सुख र शान्तिमय बनाउन सफल भए। ■



Downloaded from http://www.dhamma.digital

# खण्डहाल जातक

अन्यायपूर्वक मुद्दाबाट हराएर पठाइएका त्यस विचरो व्यक्ति ज्यादै चित्त दुखाउँदै न्यायाधीश खण्डहाललाई सराप्दै र रुँदै न्यायालयबाट फर्किरहेका थिए । संयोगवश उक्त व्यक्तिले राजाको सेवामा गइरहेका युवराज चन्द्रकुमारलाई देखे । अनि उसको मनमा केही हौसला जाग्यो बोधिचित्तले भरिएको राजकुमारलाई देख्ने वित्तिकै । आधार नपाई पानीमा डुब्न लागेको डुंगालाई कुनै बस्तुले आधार दिई पानीबाट उतार्न लाग्दा केही भरोसा मिले जस्तै उसको मनले अचानक एक बलियो आधार मिलेको आभाष गर्‍यो । त्यसैले होला उसको मलिन अनुहारमा केही मुस्कान देखिन थाल्यो र उ दुगुर्दै गएर युवराजको पाऊ समात्दै न्याय माग्न थाल्यो ।

त्यसबेला युवराज चन्द्रकुमार देशका उपराजा थिए । युवराज चन्द्रकुमारलाई पनि राम्ररी थाहा थियो उसका बुबा राजा "एक राजा" का खूव विश्वासिलो पात्रको रुपमा राखिएको पुरोहित एवं नयायाधिश खण्डहाल एक नम्वरको घूसखोरी, भ्रष्टाचारी र अधार्मिक छ भन्ने कुरो । खण्डहालले उसलाई जसले घूस खुवाउँदै चाकडी र चापलुसी गर्थ्यो त्यस व्यक्तिलाई अधार्मिक पूर्वक मुद्दामा जिताइदिन्थ्यो भने घूस खुवाउन नसक्ने र अन्यायमा परेका व्यक्तिहरूलाई भने मुद्दामा हराइदिन्थ्यो । त्यस देशका विवेक बुद्धिहीन राजा "एकराजाले" खण्डहालको यस्तो बेइमानी र धूर्त कार्यबारे विचार पुऱ्याउन सकिरहेको थिएन ।



Downloaded from http://www.dhamma.digital

युवराज चन्द्रकुमारले अन्यायमा पिल्सिएका त्यस व्यक्तिलाई साथ दिंदै भने -"नडराऊ र पीर नगर म तिम्रो साथमा छु ।" यति भनी त्यस व्यक्तिलाई पुन: न्यायालयमा लगी राजकुमार चन्द्रकुमारले सत्यता पूर्वक न्याय गरीं खण्डहालको गलत निर्णयहरूलाई बदर गरी त्यस व्यक्तिलाई मुद्दामा जिताइदियो । यसरी युवराज चन्द्रकुमारको न्यायपूर्ण कार्यलाई देखी जनताले राजकुमारलाई उच्च स्वरमा साधुवाद दिए । जनताहरूको हर्षपूर्ण कोलाहल स्वर सुनेपछि राजा आश्चर्य चकित भएर यसको कारण बुझाउन पठाए । राजाले जनताको स्वरको यथार्थ कारण थाहा पाएपछि ज्यादै खुशी हुँदै चन्द्रकुमारलाई नै न्यायाधीश बनाइदियो । न्याय पूर्वक र निश्वार्थ पूर्वक न्याय छिन्ने व्यक्तिले मात्र जनतालाई दु:खबाट बचाउन सक्नेछ । त्यस्तो व्यक्तिलाई मात्र जनताले मनपराउने छ । उसको निर्णय मात्र सर्वमान्य हुनेछ । त्यसैले युवराज चन्द्रकुमारलाई न्यायाधिश बनाइएको समाचारले धेरैजसो जनताहरूलाई हर्षित बनायो ।

तर यस घटनाले स्वार्थभावनाले ग्रसित राजपुरोहित खण्डहालको मनमा भुइँचालो गयो । उ क्रोधित बन्न पुग्यो यो समाचार सुनी । उसको मनमा युवराज चन्द्रकुमार प्रति प्रतिशोधको भावना श्रृजना गराइदियो यस घटनाले ।

एकदिन राजालाई सपनामा रमणिय वातावरणले भरिएको एक अचम्मको लोकको दर्शन भएछ । अन्ध श्रद्धा र विवेक बुद्धिहीन स्वार्थभावनाले भरिएको राजाले सोच्नथाल्यो- "आहा ! क्या रमाइलो लोक यो ? यो त अवश्य पनि स्वर्गलोक हुनुपर्छ । यस्तो लोकमा जन्म लिन पाए क्या मज्जा



Downloaded from http://www.dhamma.digital

हुने थियो । म त जसरी भएपनि त्यस स्वर्गलोकमा नगई छोड्दिन । तर त्यहाँ जानको लागि के कस्ता धर्मकर्म गर्नु पर्दो रहेछ, पहिला त्यो कुरो बुझ्नुपर्ला । अनि त्यस स्थानमा जानको लागि जे जस्तो धर्मकर्म गर्न परेपनि पछि हट्दिन ।" यस्तो सोचविचारमा डुविरहेका राजाको सेवामा राजपुरोहित खण्डहाल टुप्लुक्क हाजिर हुनपुगे ।

राजाको सेवामा हाजिर हुनपुगेका खण्डहालले राजा समक्ष भला कुसारी गर्दै सोधे -"महाराज ! हजुरको गाठमा सकुसल त छ होइन ? राम्ररी सुक्ला भएको त छ होइन ?"

खण्डहालको कुरो सुनी आफ्नो अचम्मको सपना बताउन कौतुहल भइरहेका राजाले खुशी हुँदै आफ्नो इच्छा व्यक्त गरे- "हे ब्राह्मण ! तिमी त धर्म र विनयका कुशल ज्ञाता हौ । त्यसैले मैले तिमीसंग एउटा प्रश्न सोध्न मन लागिरहेको छ, कस्तो पुण्य कर्म गरेमा स्वर्गलोग जान पाइँदो रहेछ ?"

हुनत यस्तो प्रश्नको सही उत्तर सर्वज्ञ बुद्ध अथवा उहाँका श्रावक र उहाँहरू पनि नभएमा बोधिसत्त्व संग सोध्न पाएको भए ठीक र सही उत्तर पाइने थियो । तर यहाँ एक हप्ता बाटो बिराएको मानिसले एक महिना सम्म बाटो बिराएको व्यक्तिसंग सहीमार्ग बारे जानकारी लिन खोजेको जस्तो मात्र भयो ।

राजपुरोहितले युवराज चन्द्रकुमारसंग बदला लिने स्वर्ण मौका यही हो भन्ने ठानी षडयन्त्र रच्न थाल्यो । उसलाई जसरी भएपनि युवराज चन्द्रकुमारको हत्या गरी आफ्नो भ्रष्टाचारी कार्यको अवरोध हटाउनु थियो । तर चन्द्र कुमारलाई मात्र लक्ष गरी षडयन्त्र रचाइयो भने सबैले उ



Downloaded from http://www.dhamma.digital

प्रति नराम्रो शंका गर्नेछ । त्यसैले लट्ठी पनि नभाँचियोस् सर्प पनि मरोस् भन्ने जुक्ती निकाल्दै खण्डहालले आफ्नो षडयन्त्र रच्न थाल्यो । आफुले रचेको षडयन्त्रमा अरूले शंका उठाउन नपावस् भन्ने मनसायले दुष्ट खण्डहालले मूर्ख राजालाई यसरी सल्लाह दिन थाल्यो-"हे देव ! स्वर्गलोक पुग्नको लागि त चारजवान छोरा, चारवटी छोरी, चारजवान श्रीमती देशका चारजवान महाजनहरू, चारवटा गोरुहरू, चारवटा घोडाहरू र चारवटा हात्तीहरू आदि प्राणीहरूको बली दिई यज्ञ गर्नुपर्छ । अनि मात्र स्वर्गलोक जान पाइन्छ ।"

मूर्ख राजालाई के थाहा ? आफ्नै छोरो युवराज चन्द्रकुमार प्रति पुरोहित खण्डहालको प्रतिशोधको भावनाले भरिएको षडयन्त्रपूण योजना बारे ? उ त आफ्नै स्वार्थमा मग्न हुँदै स्वर्गलोक जाने आशामा विवेक बुद्धिहीन बन्दै थिए ।

पुरोहित खण्डहालले आफ्नो कुरामा बढि विश्वास दिलाउनका लागि र राजाले यस यज्ञ गर्नको लागि मन विचलित नगरोस् भन्ने हेतुले फेरि चाल चल्दै भन्न थाल्यो - "महाराज ! यो यज्ञ अलि दृढ चित्त सहित काम गर्न सक्ने व्यक्तिले मात्र गर्न सक्नेछ । मन फितलो पार्ने र छिन छिनमा मन परिवर्तन गर्ने खालका कमजोडी हृदयका व्यक्तिहरूले यस प्रकारको यज्ञ गर्ने आँट गर्न सक्दैनन् । यो एक प्रकारको विशेष फल दिने यज्ञ भएकोले यो यज्ञ गर्ने व्यक्तिको चित्त पनि विशेष गुणले भरिएको दऱ्हो कडा खालको हुनुपर्छ । चानचुने व्यक्तिले यो यज्ञ गर्न सक्दैनन् । त्यसैले महाराजाले अहिले नै दृढ निश्चय गरी यज्ञको निर्णय लिनुभए बेश होला ।"



Downloaded from http://www.dhamma.digital

खण्डहालको कुरा सुनी राजाले आफुले आफैलाई दृढ संकल्प सहितको एक वीर पुरुषको रुपमा घोषित गर्दै हुकुम दिन थाले- जसरी भएपनि राजपुरोहित खण्डहालको सल्लाह बमोजिम यज्ञमा बलि चढाउनको लागि मेरा ४ जवान राजकुमारहरू, ४ जवान महारानीहरू, ४ जवान छोरीहरू, ४ जवान सेंठहरू, ४ वटा हात्तीहरू, ४ वटा घोडाहरू र ४ वटा गोरुहरूलाई ठीक पारी मेरो अगाडि ल्याउनु ।"

राजाको हुकुम सारा देशमा फैलियो । राजदरवारको अन्त:पुरमा जव यो हल्ला सुनियो तब राजपरिवारमा एक भयानक अशान्ति र कोलाहल पूर्ण वातावरणले छायो । राजाका वृद्ध मातापिता दुबैजना ज्यादै दु:खी बने । आफ्ना प्यारा नातीहरू, बुहारीहरू सेंठहरू र अन्य थुप्रै पशुहरू समेतको ज्यान लिई स्वर्ग जान तम्सेका आफ्नो छोराको मुर्ख्याईं देखेर ज्यादै अपशोच गर्दै रुँदै कराउँदै उनीहरू दुवै जना बृद्ध बृद्धाहरू छोरालाई सम्झाउन आए र यसरी भने- "बाबु छोरा ! तिमीले स्वर्ग जाने आशा राख्दै किन यस्तो नर्क जाने कार्य गर्दैछौ ? यसरी तिमी मूर्ख नबन । हाम्रो कुरो मान छोरा । यो कस्तो खालको यज्ञ हो जुन यज्ञमा आफ्नो छोरा, श्रीमती र अन्य विभिन्न प्राणीहरूको हत्या गरी स्वर्ग जान पाउने लालच देखाइएको छ ?" यस्तो यज्ञको बारेमा त हामीले सुनेका नै छैनौं । यो यज्ञले त तिमीलाई अवश्य पनि नर्कमा लानेछ । त्यसैले तिमीले हामीले भनेको कुरा मानी यो घिनलाग्दो यज्ञ गर्ने तर्फ नलाग । यस कार्यलाई अहिले नै त्यागने विचार गर ।"



Downloaded from http://www.dhamma.digital

तर स्वार्थी राजाले आफ्ना माता पिताका सल्लाहलाई कुनै महत्त्व दिएन ।

सर्वप्रथम चार जवान राजकुमारहरू (सूर्य, चन्द्र, भद्रसेन र वैमानिक सूर) लाई पकडेर ल्याउने हुकुम भयो राजाको तर्फबाट ।

दूतहरू सर्वप्रथम चन्द्रकुमार समक्ष पुगी भने- "कुमार ! तपाईँलाई मारी तपाईँका बुबा स्वर्गलोक जान चाहनु भएको छ। त्यसैले तपाईँलाई पकडेर ल्याउन हामीलाई पठाइएको छ ।"

यो कुरो सुनी चन्द्रकुमारले भन्यो -"मेरो बुबाले कसको सल्लाह लिएर मलाई समात्न पठाइएको हो ?" दूत - देव ! खण्डहालको कुरा सुनेर ।

चन्द्रकुमार -"उसले म एक्लोलाई मात्र पकड्ने कुरा गरेको हो कि अरुलाई पनि ?"

दूत- "अरुलाई पनि पकड्ने सल्लाह दिइएको छ कुमार ।" यो कुरो सुनी चन्द्रकुमारले सोच्न थाल्यो -"मेरो त कुनै पनि व्यक्तिसंग वैरभाव छैन । तर खण्डहाल एकजनाले मेरो कारणले उ न्यायाधिश बन्न नपाएको र अन्यायपूर्वक जनताहरूको सम्पत्ति भ्रष्टाचार गर्न नपाएको रीसले मसंग बदला लिने मनसायले नै यस्तो चाल चलेको हुनुपर्छ । म एक्लोलाई मात्र मार्ने षडयन्त्र रचेमा सबैको उसमाथि शंका हुने डरले उसले आफ्नो षडयन्त्रलाई ढाकछोप गर्न अरु पनि थुप्रै व्यक्तिहरूको ज्यान लिन खोज्दैछ । कस्तो अन्याय हो यो ? मेरो बुबासंग भेटी यी निर्दोष व्यक्ति र प्राणीहरूलाई जीवन दान दिन लगाई मुक्त गराउने जिम्मा मेरो हो ।



Downloaded from http://www.dhamma.digital

यसरी राजाका चारजवान छोराहरू, छोरीहरू र चार श्रीमतीहरूलाई पकडी राजा समक्ष उभ्याइए। राजपरिवार लाई पकड्दै जाँदा जनमानसमा त्यति हल्ला हुन पाएन। तर जब सेंठहरूलाई पकडन गइयो, तब देशभर कोलाहल मच्चियो। मारिन लागेका सेंठहरू आफ्ना नाता कुटुम्बहरूका साथ राजकुल पुगे। नाता कुटुम्बहरूले घेरिएका सेंठहरूले राजासंग आ-आफ्ना प्राणको भिक्षा मागे। धेरै रोए कराए उनीहरू। तर मूर्ख राजाले कुनै व्यक्ति प्रति पनि दयाभाव राखेन। मासु वेच्ने बगरेको अगाडि आफ्नो प्राणको भिक्षा माग्ने प्राणीहरू सरह भएका थिए विचरो महाजनहरू त्यहाँ।

दुष्ट ब्राह्मण खडहाल त यज्ञको तयारीमा जुट्न थालेका थिए। यही मौका पारी राजकुमार चन्द्रले आफ्ना बुबा समक्ष यज्ञमा होमिन लगिएका सबै प्राणीहरूको जीवन दान दिलाउने मनसाय व्यक्त गर्दै भन्न थाले -"देव! हामीलाई मार्ने काम नगर्नुस्। बरु हामीलाई दास बनाई त्यही खण्डहाललाई सुम्पिदिनुस्। हाम्रो खुट्टामा हथकडी लगाइ दिए तापनि हामीले हात्ती र घोडाको पालन गरी जीवन विताउने छौं। हामी हात्ती घोडाको मल बटुल्ने काम गर्न पनि तयार छौं। हामीलाई मार्ने विचार त्यागिदिनुस्। हामीलाई देश निकाला गरिदिए पनि बरु हामी भिखारी बनी बाँच्न तयार छौं। तर हाम्रो ज्यान नलिइदिनुस्। बिन्ति छ। हे देव। जब हामी बालक थियौं, त्यही समयमा हामीलाई किन मार्नु भएन? अब त हामी बालककाल नाधी युवक भईसक्यौं, अब आएर हामीलाई विनाकारण, विना अपराध मार्न खोज्दै हुनुहुन्छ? यदि बाह्य देशहरूले हाम्रो देशमा आक्रमण गर्न आउँदा देश



Downloaded from http://www.dhamma.digital

रक्षा गर्नपऱ्यो भने जंगलहरूको रेखदेख गर्न पऱ्यो भने बरु हामीलाई त्यस्तो कार्यमा खटाउने गर्नुस् न । पंक्षीहरूलाई समेत आफ्ना सन्तान प्यारो हुन्छन् भने तपाइँ त मानिस भएर पनि आफ्ना सन्तानहरूलाई हत्या गर्न चाहनु हुन्छ ? तपाइँले अहिले खण्डहाल प्रति अन्ध श्रद्धा राख्दै हुनुहुन्छ । तर खण्डहालले मलाई षडयन्त्र गरी मार्ने चाल चलिरहेको छ । अहिले उसले मेरो कारणले यत्तिका प्राणीहरूको हत्या गर्न खोज्दैछ, पछि उसले अवश्य पनि तपाइँको समेत हत्या गर्ने चाल चल्नेछ । महाराज ! यस ब्राह्मणलाई श्रेष्ठ गाउँ, श्रेष्ठ निगम र श्रेष्ठ भोग सामग्री पनि दानको रुपमा दिइन्छ । त्यतिमात्र होइन यसले कुलमा अग्र पिण्ड भई भोजन पनि ग्रहण गर्दछ । तर महाराज ! यस ब्राह्मणले श्रेष्ठ गाउँ दान दिने व्यक्तिहरूलाई नै अझ नराम्रो सोची कुकर्म पनि गर्दछ । हे देव ! यस्ता ब्राह्मण अकृतज्ञ हुन्छन् । यदि तपाइँले पुत्रहरूको बलि चढाई यज्ञ गरेमा मृत्यु पश्चात् देवलोक पुगिन्छ भन्ने कुरामा विश्वास गर्नुहुन्छ भने सबभन्दा पहिले त्यही ब्राह्मण खण्डहालले यस्तो यज्ञ गराउने हुकुम दिनुस् न । किनभने खण्डहाललाई पनि स्वर्गलोक पुग्ने इच्छा त भइहाल्छ नि । स्वर्गलोक पुग्ने इच्छा त कसलाई मात्र हुँदैन र ? यदि यसरी आफ्नै छोराहरू बलि दिई स्वर्ग पुगिन्छ भने पहिला खण्डहालका छोराहरू बलि चढाई यज्ञ गर्न दिनुस् न । महाराज ! तपाईंलाई यसरी छोराहरू मारी स्वर्गलोक पुगिन्छ भन्ने सल्लाह दिने ब्राह्मणले पहिला उसले उसका छोराहरू मारी आफु स्वर्गलोक जाने काम किन गरेन ? तपाइँले जस्तै आफ्ना नजिकका परिवारहरूलाई किन मारेन



Downloaded from http://www.dhamma.digital

उसले ? उसको यो षडयन्त्रपूर्ण चालबाजीलाई तपाईँले किन बुझ्न सक्नु भएन ? जसले यस्तो अत्याचारी यज्ञ गराउँछ गर्दछ र यस्ता महायज्ञको अनुमोदन गर्दछ, उ अवश्य पनि नरकगामी हुनेछ । यो अवश्यम्भावी हो ।"

यसरी आफ्नो पुत्रले विलाप गरेको सहन नसकी राजाले भने -"कुमारहरूलाई छोडिदिनु । मलाई आफ्ना छोराहरू मारेर स्वर्गलोक जानु छैन । मेरा छोराहरूलाई कसैले पनि मार्न सक्दैनन् ।"

राजाको आदेश पालन भयो । सबै वन्दीहरू मुक्त गरिए ।

तब खण्डहाल आई राजालाई भने -"महाराज ! मैले तपाइँलाई पहिला नै भनेको थिएँ नि । यो यज्ञ अत्यन्त दुष्कर हो भनेर । तपाइँकै आदेश लिई मैले यज्ञको तयारी गरिसकें । अहिले आएर तपाइँ यस्तो अमूल्य यज्ञको बाधा बनि दिनुभयो । जसले यस्तो महान यज्ञ गराउँछ र गर्छ, ती सबै स्वर्गलोक पुगिन्छ भनेकै थिएँ मैले । अब तपाइँलाई स्वर्गलोक जाने इच्छा छैन भने मेरो भन्नु केही छैन ।" खण्डहालको कुरो सुन्ने वित्तिकै विवेकहीन मूर्ख राजाले स्वर्ग जाने आशा राख्दै फेरि सबै राजकुमारहरू सहित अन्य बन्दीहरूलाई पनि पकड्न लगाए ।

त्यसपछि पहिला जस्तै फेरि हाहाकार मच्चिन थाल्यो । राजाको मूर्खतापूर्ण र स्वार्थपूर्ण कार्य प्रति राजपरिवार लगायत सबै जनताले विरोध गरेतापनि राजाको मन परिवर्तन गर्न सकिएन । आखिर चन्द्रकुमारका छोरा बालक वासुलले आफ्ना बाज्ये राजा समक्ष लडिबुडी खेली



Downloaded from http://www.dhamma.digital

आफ्ना बुबाको जीवन दान माग्दै भने -"मेरा पितालाई नमार्नुस् । म अहिले सानो बालक छु । म ठूलो हुन पाएको छैन........................." ।

आफ्ना नाती बालक वासुलको विरह सुन्न नसकी राजाको आँखामा आँसुले भरियो र नातीलाई अंकमाल गर्दै भने -बाबु ! तिमीले पीर नलिनु । मैले तिम्रो पितालाई मार्ने छैन । जाऊ तिम्रो बुबालाई भेट्नु । यती भनी फेरि सबै कुमारहरूलाई मुक्त गरिदिए ।

तर फेरि पनि खण्डहालको जालसाजीले भरिएको कुरोले मोहनी लगाएपछि मूर्ख राजाले फेरि राजकुमारहरूलाई समात्न लगाएर यज्ञको तयारीमा लागे ।

धूर्त खण्डहालले विचार गरे "यदि यी बन्दीहरूलाई राजा समक्ष नै राखि छोड्यो भने यिनीहरूले यसरी नै राजा समक्ष अनेक बिन्तीभाव गर्दै यो यज्ञलाई नै बिफल पारिदिन बेर छैन। त्यसैले अहिले समयमै अक्कल निकाली यिनीहरूलाई यज्ञ गर्ने स्थानमा लानु पर्ला ।"

यति विचार गरी उसले बलि दिनका लागि बन्दीको रुपमा ल्याइएका राजकुमारहरू सहित अन्य सबै प्राणीहरूलाई यज्ञ गर्ने स्थानमा लानको लागि आदेश दिए ।

बलिका लागि लगिएका चार राजकुमारहरू, चार राजकुमारीहरू, चार महारानीहरू, चार गृहपतीहरू, ४ हात्तीहरू, ४ घोडाहरू र चार गोरुहरू आदि सबैलाई यज्ञ गर्ने स्थानतर्फ पैदल हिंडाइयो । जब यसरी राजपरिवारहरू सहित अन्य प्राणीहरू पनि बलि दिनको लागि लगिए तब सारा देशवासीहरूले मन थाम्न सकेनन् । तिनीहरू सबै



Downloaded from http://www.dhamma.digital

ज्यादै दुखी बन्दै विलाप गर्दै पछि लागे । यसरी जनताहरू पनि पछि लागी यज्ञ गर्ने स्थानतर्फ प्रस्थान गरेको हुनाले देशको द्वारमा मानिसहरूको घुँइचो हुन थाल्यो । देशको द्वार मा मानिसहरू नै नअटाउने तरीकाले जनसमुदायको घुँइचोले ठेलमठेल गरेको देखी खण्डहाललाई भयले सताउन थाल्यो । उसले विचार गऱ्यो- यस्तो भीडले यज्ञ गर्ने स्थानमा घेरियो भने त्यहाँ अवश्य पनि केही उपद्रव हुन सक्छ । त्यसैले समयमै यो घुइँचोलाई रोक्नु राम्रो हुनेछ । यति विचार गरी खण्डहालले आफ्नो काममा बाधा आउन नदिने विचारले देशको ढोका बन्द गरी देशभित्र बाकी रहेका जनसमुदायलाई देश बाहिर नपठाउने आदेश दिए । अनि पहिला जति पनि जनसमुदाय बाहिर निस्कन पाए, तिनीहरू मात्र यज्ञ गर्ने स्थानतर्फ जान पाए । बाकी रहेका जनसमुदाय यज्ञ स्थानतर्फ जान नपाएको जोशमा र निर्दोष व्यक्तिहरू र प्राणीहरूलाई बलि चढाउन लगिएको कार्यको विरोध गर्दै जोशले ठूल-ठूलो स्वरले चिच्याउँदै कराउन थाले । उनीहरूको यस्तो भयानक आवाज सुनी पंक्षीहरू सबै आत्तिएर आकाशमा तितर वितर हुँदै उड्न थाले । यसरी त्यो क्षण त एकराजाको देशमा डर लाग्दो र भयानक अशान्तिले भरिएको वातावरण छाएको थियो ।

उता बोधिसत्त्व चन्द्रकुमारलाई यज्ञ कुण्ड समिप लगियो । चन्द्रकुमारकी माताले आफ्नो छोरोको जीवन दान दिलाउन खूब रोइन् कराइन् । तर केही शीप लागेन । तब उनीले आफुलाई रोक्न सकिनन् र यसरी देशमा अशान्ति र उपद्रव ल्याउनको लागि प्रमुख जिम्मेवारीको रुपमा रहेको



Downloaded from http://www.dhamma.digital

खण्डहाल प्रति उनी खूव रिसाउँदै क्रोध व्यक्त गर्दै खण्डहाललाई सराप्दै भन्न थालिन्- "हे खण्डहाल ! चन्द्रकुमार सहित अन्य ३ जवान राजकुमारहरूको हत्या गर्नका लागि यहाँ ल्याउँदा मलाई जसरी मातृहृदय शोक उत्पन्न भएको थियो, त्यसरी नै यस्तो शोक तेरी आमा र श्रीमतीले पनि भोग्न परोस् । तैंले निर्दोष सिंह समान रहेका मेरा कुमारहरूलाई मार्ने योजना बनाइस्, त्यही पापले तेरी आमा र श्रीमतीले पनि आफ्ना छोरो र श्रीमान् देख्नै नपावस् ।"

यसरी विलाप गर्दै रोए पनि त्यहाँ राजा र खण्डहाललाई केही असर पार्न सकेन । उनीहरू यज्ञमा बलीको तयारीमा मात्र तत्पर रहे । तब चन्द्रकुमारकी श्रीमती चन्दाले शोकाकूल बन्दै दुबै हातहरू जोडी त्यहाँका सारा परिषदको परिक्रमा गर्दै चित्त एकाग्रह गर्दै यसरी प्रार्थना गरिन् -"निश्चय पनि यस देशका राजालाई आफ्ना छोराहरू प्रति कति पनि स्नेह रहेनछ । मूर्ख खण्डहाल तैंले जुन प्राणीहरूलाई हत्या गर्ने जाल साजी गरिस्, तिनीहरू सबै निर्दोष छन्, यदि यो कुरो सत्य हो भने यही सत्यको प्रभावले मैले मेरी स्वामीको संगिनी बन्न पाउँ । यहाँ जति पनि अमनुष्यहरूले बास गरि रहेका छन्, जति पनि मनुष्य र प्राणीहरूले वास गरिरहेका छन्, तिनीहरूको मैत्री बलले मलाई सहायता गरुन् र म मेरा स्वामीको संगिनी बन्न पाउँ । म आफ्ना पति नगुमाउनका लागि याचना गर्दछु ।"

यसरी सबै प्राणीहरूको शोकाकुल वातावरण, आफ्ना श्रीमतीहरू, छोराहरू, बुहारीहरू लगायत सबै राज-परिवारका कोलाहलपूर्ण विलापले भरिएको वातावरण, सारा



Downloaded from http://www.dhamma.digital

जनताहरूको विरोधले भरिएको आवाज र उनीहरूको दुखी र शोकाकुल भावले भरिएको वातावरणले राजाको मनमा एक प्रकारको डर, भय र त्रासले ठाउँ लिन थाल्यो। अनि उसलाई आफ्नो कुकर्म प्रति पश्चाताप र भयले सताउन थाल्यो। उसको आफ्नै मनले आफैलाई यसरी धिक्कार्न थाल्यो -"म कत्तिको पापी रहेछु। स्वर्ग गई पंचकाम भोगमा लिप्त रहने आफ्नो स्वार्थी भावनाले ग्रस्त भई मैले आफ्ना निर्दोष छोराहरू, श्रीमतीहरू, श्रेष्ठी गृहपतीहरूलाई हत्या गर्न तम्सिरहेको छु। म कहाँसम्मको नीच रहेछु। अहिले मौकामा होश सम्हाल्न सकिएन भने मैले ठूलो पश्चातापको भूमरीमा फस्नु पर्नेछ। यस्तो कुकर्म मैले गर्नेछैन। यसरी आफ्नो गल्तीलाई महशूस गर्दै राजाले सबै निर्दोष व्यक्ति र प्राणीहरूलाई मुक्त गर्ने आदेश दिए। अचानक राजाको तर्फबाट यस्तो हुकुम सुनेपछि सबैजना अचम्म भए। राजाको हुकुम पालन गरियो। सबैजना मुक्त भएपछि त्यहाँ जम्मा भएका सबै जन समुदायले आवेशमा आई दृष्ट खण्डहाललाई एक-एक ढुंगाले हान्दै त्यहीं मारे। उसको ज्यान लिइसकेपछि बाकी रहेका दुष्ट राजाको पनि ज्यान लिने विचारले राजा प्रति जाइ लागे। तब बोधिसत्त्व चन्द्रकुमारले आफ्ना बुबा राजा एकराजालाई अंकमाल गरी कसैले पनि छुन दिएन। तब जनताले विरोध गर्दै भने - राजकुमार चन्द्र! हामीले यस पापी राजालाई नमारे पनि यसलाई हाम्रो नगरमा त राख्दै राख्दैनौं। यसलाई चण्डाल बनाई नगर बाहिर धपाउँछौ। यति भन्दै तिनीहरू सबैले राजालाई राजाको पोषाक उतार्न लगाई गेरु वस्त्र लगाउन दिई पहेंलो झूत्रो कपडाले टाउकोमा



Downloaded from http://www.dhamma.digital

बेर्न लगाई चण्डाल बनाई चण्डालहरूको बस्तीमा पठाइदियो। यसरी जसले पशुघात गर्ने यज्ञ गर्छ र गराउँछ, त्यस्ता कुकर्मको अनुमोदन गराउँछ, ती सबै व्यक्तिहरू यही जीवनमा नरकगामी हुँदो रहेछ।

यसरी सबैले मुक्तिको आभास पाएपछि राज परिषद सहित सबै जनताहरू हर्षले प्रफुल्लित बन्दै खुशियाली मनाउँदै चन्द्रकुमारलाई राज्याभिषेक गरे। नगरमा आनन्द भेरी बजाई सबै जना मुक्त र स्वतन्त्र भएको घोषणा गरियो।

तर बोधिसत्त्वले नगरबाट निष्कासित गरिएका आफ्ना पितालाई विर्सेन। आफ्ना पिता रहने ठाउँमा चारैतर्फ पर्खालले घेरी सुरक्षित बनाइदियो। नगर भित्र आउन मनाही भएकोले आफ्ना बुबालाई समय समयमा भेटी आवश्यक खर्च पुऱ्याउँदै रहे। यसरी बोधिसत्त्व चन्द्रकुमारले धर्मानुकुल राज्य चलाई आफ्नो जीवन सार्थक बनाए। ■

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# सिविराज चर्या (सिवि जातक)

तक्षशिलाबाट शिल्प विद्या सिकी फर्केका शिवि कुमार आफ्ना पिता सिवि राष्ट्रका राजा सिवि महाराजालाई आफ्नो शिल्प देखाई उपराजा बन्न सफल भए। आफ्ना पिताको मृत्यु पश्चात् धर्मानुकुल राज्य चलाई धार्मिक राजा बने। आफु राजा बनेपछि देशका चारवटा मुख्यद्वारहरूमा, नगर बीच र राजभवनको द्वारआदि ६ स्थानहरूमा ६ वटा दानशालाहरू बनाए। जहाँ प्रतिदिन ६,७ हजार रुपैयाँ खर्च गरी दान दिन थाले।

हरेक दिन बाह्य वस्तुहरू दान दिइरहेका राजा शिवि कुमारले एकदिन राज सिंहासनमा बस्दाबस्दै विचार गर्न थाले -"मैले दान दिन बाकी रहेका चीज बस्तुहरू कुनै पनि देखिन। अब दान दिनको लागि बाकी रहेको वस्तु त सिर्फ मेरा शरीरका अंगहरू मात्र छन्। त्यसकारण आज जब म दानशालामा जानेछु, त्यसबेला कुनै याचकले मेरो मुटु मागे भने स्वच्छ जल माथि फुलिरहेको कमलको फुल जसरी हिलो मुनि गाडिएर रहेको भएतापनि हिलो समेत चुहिने गरी त्यस फुल उलेखिन्छ, त्यसरी नै मेरो छातीमा छुराले रोपेर चिर्दै भित्र रहेको मुटुलाई रगत चुहाउँदै निकालेर दान दिन तयार छु। यदि कसैले मेरो आँखा नै माग्दछ भने पनि म मेरा यी दुबै आँखाहरू झिकेर दान दिन तयार छु।"

यति सोची आफ्नो मनलाई आफ्नो शरीरका अंगहरू झिकेर दान दिन प्रेरित गराई बसेका राजा शिविकुमार नित्य स्नान् र भोजन पश्चात् अलंकृत हात्ती माथि चढी दानशाला



Downloaded from http://www.dhamma.digital

पुगे । संयोगवश त्यही बेला एक बूढो अन्धा ब्राह्मण एक अग्लोस्थानमा उभिएर सिवि राजाको जयजयकार गर्दै कराइरहे । उसलाई देख्ने वित्तिकै राजाले उत्सुक हुँदै सोधे - "हे ब्राह्मण ! तिमीलाई के चाहियो ? भन ।" यो कुरो सुनी ब्राह्मणले भने- महाराज ! तपाइँको दान संकल्पको जुन कीर्ति घोषणा भइरहेका छन्, यसले सारा लोक वासीहरूलाई अभूतपूर्व प्रभाव पारिरहेका छन् । म अन्धो छु । तपाइँका २ वटा आँखाहरू छन् । मलाई एउटा आँखा दान दिने कृपा गर्नु भएमा हामी दुबै जना एक एक आँखा भएका हुनेछौं ।

याचकको यस्तो कुरो सुनी बोधिसत्त्वले सोच्यो - "भरखर मैले मेरो आफ्नो प्रासादमा बस्दै जुन विषयमा सोचेको थिएँ, त्यही घटना अहिले घट्दैछ । यो त मेरो ठूलो लाभ हो । आज मेरो मनोरथ पूर्ण हुनेछ । आज मैले पहिला कहिले पनि दिन नपाएको दान दिन पाइरहेको छु । यो मेरो अहो भाग्य हो ।" यति विचार गर्दै उसले याचकलाई भने - "तिमीले जुन इच्छा लिएर आएका छौ, ती सबै संकल्प पूरा हुनेछ । हे ब्राह्मण ! तिमीले तिम्रा आँखा प्राप्त गर्नेछौ । तिमीले एउटा मात्र आँखा मागिरहेता पनि मैले तिमीलाई मेरा यी दुबै आँखाहरू दान दिनेछु । तिमी सबैको अगाडि आँखा भएको व्यक्ति वनी फर्कनु । आज तिमीले चाहेको चाहनाहरू पूरा गर्न सक्नेछौ ।"

यति भन्दै राजाले ब्राह्मणलाई पनि राजदरवारमा लग्यो । अनि आफु राज आशनमा बसी सीवक वैद्य बोलाउन पठाई उसलाई आदेश दिंदै भने -"हे वैद्य ! मेरा यी दुबै आँखाहरू निकालि दिनु ।"



Downloaded from http://www.dhamma.digital

राजाले आफ्ना दुबै आँखाहरू दान दिंदैछ भन्ने खबर सुनी राजपरिवार र देशका प्रजाहरू विच हल्ला मच्चियो। तब सेनापति, रानीहरू, प्रजाहरू तथा राजपरिवारहरू सबै मिली राजालाई भने -"हे देव ! तपाईंले आफ्ना आँखाहरू झिकेर दान दिने कार्य नगर्नु। आँखा दान दिनुको बदला थुप्रै मोती र अरू बहुमूल्य सम्पत्ति, रथ, घोडा, हात्ती आदि दान दिएर पठाउनु।

यो कुरो सुनी राजाले भने - जसले आज दान दिने इच्छा गरी भोली दान नदिने विचार गर्दछ, त्यो व्यक्तिले पृथ्वीमा रहेको बन्धनलाई आफ्नो काँधमा बोकेको सरह हुनेछ। जसले दान दिने वचन दिइसकेपछि पनि दान दिने इच्छा गर्दैन, त्यो व्यक्ति महापापी हुनेछ। याचकले जुन चीज माग्यो त्यही चीज दिने बानी बसाल्नु पर्छ। जुन चीज मागेको छैन, त्यो चीज नदिनु नै राम्रो हुनेछ। त्यसैले मैले त्यही बस्तु दिनेछु जुन वस्तु ब्राह्मणले याचकको रुपमा आई मागि रहेको छ।

राजाको यस्तो महान त्यागमय कुरो सुनेपछि राज्यका अमात्यहरूले राजालाई सोधे -"हे राजन ! तपाइँ आयु, वर्ण, सुख तथा बल मध्ये कुन चीजको इच्छा राखी आफ्ना आँखाहरू दान दिइरहनु भएको छ।

उनीहरूको कुरा सुनी राजाले भने-"न म ऐश्वर्य को लोभले दान गर्दैछु, न म पुत्र, धन तथा राष्ट्रको लोभले आँखा दान दिइरहेको छु, मैले त यो एक सत्पुरुष धन र बोधिज्ञान प्राप्त गर्नका लागि नभई नहुने त्यागमय चित्त आफूमा छ



Downloaded from http://www.dhamma.digital

छैन भनी आफ्नो मनलाई जाँची हेर्नको लागि मात्र दान दिइरहेको छु । मलाई आँखा भन्दा पनि बुद्धत्व नै प्रिय छ ।"

बोधिसत्त्वले यति भन्दै बैद्यलाई भने "हे सीवक ! तिमीले अब मेरो इच्छा अनुसार मेरा दुईवटै आँखाहरू निकाली यस याचकको हातमा राखिदिनु ।"

यस्तो कुरो सुनी सीवकले भने -"देव ! चक्षु दान भनेका साधारण कुरो होइन । एकपटक राम्ररी सोच्नुस् ।" राजाले भने -"मैले राम्ररी सोचीसकें । अब तिमीले अलमल नगर । मसंग धेरै कुराहरू गरी समय खेर नफाल ।"

बैद्यले सोचे -"म जस्तो सुशिक्षित बैद्यले राजाको आँखामा शस्त्र प्रयोग गर्नु उचित हुनेछैन ।" यति विचार गरी उसले विभिन्न प्रकारका जडिबुटी पिसेर औषधीको रुपमा भैषर्ज्य चूर्ण दाँया आँखामा राखी फुकिदियो । तब राजाको आँखामा वेदना शुरु भयो । बैद्यले भन्यो -"राजन् ! तपाइँले फेरि एकपटक सोच्नुस् । यति तपाइँले आँखा दान दिन चाहनु हुन्न भने मैले यस आँखालाई पहिला जस्तै ठीक पार्न सक्छु । यस आँखालाई ठीक पार्ने जिम्मेदारी मेरो भयो ।"

राजाले भन्यो -"तात ! तिम्रो काम यथावत् चालु राख्नु । मलाई मेरो आँखा होइन बुद्धत्त्व चाहिएको छ । त्यसैले बुद्धत्त्व प्राप्त गर्ने लक्ष राखी मैले यो आँखा दान गर्दैछु ।"

बैद्य लाचार हुँदै आँखामा फेरि औषधी राख्दै फुक्न थाल्यो । यस पटक त राजाको आँखाले आफ्नो ठाउँ छोडी बाहिर निस्कन खोज्यो । यसबेला भने राजालाई धेरै वेदना भयो । यस्तो अवस्थामा पुगिसक्दा पनि बैद्यले राजालाई मौका दिंदै सोध्न थाल्यो -"महाराज ! एकपटक फेरि विचार



Downloaded from http://www.dhamma.digital

गर्नुस् । यदि तपाइँले आफ्नो निस्कन लागेको आँखालाई पहिलेकै अवस्थामा ठीक पार्न चाहनु हुन्छ भने मैले ठीक गरिदिन सक्छु । ल के भन्नु हुन्छ ? आँखा झिक्न चाहनु हुन्छ कि ठीक पार्न चाहनु हुन्छ ? एकछिन सोच्नुस् ।"

राजाले भने -"अलमल नगर्नु । छिटो झिकिदिनु मेरो आँखा ।"

बैद्यले फेरि अर्को औषधी थपी आँखामा फुकिदियो । यस पटक त औषधीको जोडले आँखा घुमेर घेराबाट बाहिर निस्केर लत्रियो । यसपछि पनि बैद्यले राजालाई सोध्यो - महाराज ! फेरि एकपटक सोच्नुस् । मैले यो आँखालाई पहिला जस्तै ठीक पार्न सक्छु तपाईंले चाहनुहुन्छ भने । राजाले भने -"अबेर नगर्नु । जतिसक्यो त्यति छिटो मेरो आँखा झिकिदिनु ।"

राजालाई धेरै वेदना हुन थाल्यो । आँखाबाट रगतको धारा बगी लुगा भिज्न थाल्यो । यो असह्य दृश्य हेरिरहेका रानीहरू सहित अमात्यहरूले चित्त थाम्न सकेनन् र उनीहरूले राजा समक्ष यसरी कराउन थाले -"देव ! आँखा दान दिने कुरा नगर्नुस् न । यसरी हेर्नै नसक्ने असह्य दृश्यले हामीलाई छट्पटी भयो । अरु चीज बस्तुहरू दान दिए पनि दान नै हो । यो त अति नै भयो । कृपया तपाईंले हाम्रो बिन्ती स्वीकार्नुस् ।" राजाले असह्य वेदनालाई सहँदै बैद्यलाई भने - "तात ! छिटो गर्नु । अबेर नगर ।"

वैद्यले राजाको आदेश पालन गर्दै बाँया हातले राजाको आँखा थापी दाँया हातले शस्त्र लिई राम्ररी होशपूर्वक बाहिर लत्रिरहेको आँखामा नशाहरू काटी उक्त आँखा छुट्टाई



Downloaded from http://www.dhamma.digital

बोधिसत्वको हातमा सुम्पिदिए । अनि बोधिसत्वले आफुसंग बाँकी रहेको बाँया आँखाबाट भरखर निकालिएको दाँया आँखालाई हेरी वेदना सहँदै ब्राह्मणलाई बोलाई भन्यो - "आउनुहोस् ब्राह्मण । मलाई यस आँखा भन्दा सयगुणा हजार गुणा प्रिय लाग्ने अमूल्य धन त बुद्धत्त्व प्राप्ती हो । यो आँखा दान दिन लागेको नै बुद्धत्व रुपी आँखा प्राप्त गर्ने मनसायले हो ।"

यति भन्दै राजाले त्यस आँखा ब्राह्मणको हातमा सुम्पिदियो । बैद्यले अन्धो ब्राह्मणलाई राजाको आँखा राखिदिए । फलस्वरूप अन्धो ब्राह्मणले पनि आँखा देख्न सफल भए ।

बोधिसत्वले अन्धो ब्राह्मणलाई आफ्नो आँखा राखि दिएको कारणले ब्राह्मणले आँखा देख्न सक्यो । फलस्वरूप उसले हर्षित हुँदै विचार गऱ्यो- मेरो आँखा दान त सुदान भयो । यतिसोची उसले आफ्नो मनमा प्रीतिभाव उत्पन्न गर्दै आफ्नो बाँया आँखा पनि यसरी नै हर्षपूर्वक झिक्न लगाई सोही याचक ब्राह्मणलाई दान दिए । ब्राह्मणले त्यहीं दुबै आँखा राखी आँखा देख्न समक्ष हुँदै खुशीसाथ आशिर्वाद दिँदै बिदा भए ।

यसरी राजा जानाजानी अन्धा भए । सिवि राजाको आज्ञा मानी आज्ञाकारी बैद्य सीवकले राजाको आँखा निकालि दिएको कारणले राजा सिविले पनि आफ्नो इच्छा पूर्ण गरी दुबै आँखाहरू दान दिन पाए ।

विस्तारै राजाको आँखाका वेदना पनि कम हुँदै गए । केहि दिनपछि राजाले आफ्नो राज प्रासादमा बस्दै सोचे -



Downloaded from http://www.dhamma.digital

"अन्धो व्यक्तिलाई यस राज्यको के मतलब ? अब अमात्यहरूलाई नै राज्य सुम्पिदिनु पर्‍यो । म उद्यानमा गई प्रव्रजित भई श्रमण धर्म पालन गरी आफ्नो बाकी जीवन बिताउन पाए उचित हुनेछ ।" यति सोची उसले अमात्यहरूलाई बोलाउन पठाई उनीहरू समक्ष आफ्नो विचार यसरी प्रकट गरे -"मलाई मुख धुनको लागि पानी दिने एक सेवक मिलाइदिनु । अनि नित्य कर्म गर्नको लागि शौचालय सम्म पुग्नको लागि एक डोरी बाँढीदिनु ।" यति भनी उसले सारथीलाई बोलाई रथ चलाउन भने । तर अमात्यहरूले राजालाई रथबाट जान नदिई उहाँलाई पालकीमा बसाई तलाऊ किनारासम्म पुऱ्याई चारौंतर्फ सुरक्षाको व्यवस्था मिलाइदिए । यति गरी उनीहरू त्यहाँबाट फर्के । राजा त्यस स्थानमा पलैंटी कसेर बसी आनन्दपूर्वक आफ्नो दान कार्य बारे सोच्न थाले । त्यस समय उसले आफ्नो सत्यकर्म विषयमा यसरी सोच्यो -"विभिन्न गोत्रहरू मध्ये जति पनि याचकहरूले मसंग माग्न आए, तिनीहरू सबै मेरो भित्री मन देखि प्रिय छन् । यदि यी मेरा कुराहरू सत्य छन् भने मेरा आँखाहरू पहिला जस्तै हेर्न लायक होस् । यसरी सत्य वचन प्रकट भएपछि उसलाई उसले दान दिइएको दुबै आँखाहरू भन्दा पनि महत्त्वपूर्ण सत्य पारमिताका आँखाहरू प्राप्त भए । फलस्वरूप राजाले पहिलाका आँखाहरू भन्दा पनि अति महत्त्वपूर्ण भित्री ज्ञानरुपी आँखा प्राप्त गरी आफ्नो चित्तलाई निर्मल पार्न सके । राजाले ज्ञान रुपी चक्षु प्राप्त गरेको कुरा थाहा भएपछि जनताहरू सबै राजाको दर्शन गर्न आए । उनीहरूले राजालाई आफ्नै नगरमा लगी राज्यको भार बहन गर्न आग्रह गरे ।



Downloaded from http://www.dhamma.digital

बोधिसत्त्वले विचार गरे -मैले जति पनि दान दिएँ, त्यस दानको फल यही जन्ममा सफलता पूर्वक पाइरहेको छु । त्यसकारण मैले यी जनताहरूलाई पनि दानको महीमा सुनाउनु नै पर्दछ । यस कार्यले गर्दा उनीहरूले पनि दान दिने राम्रो संस्कार बसाउन सक्नेछन् ।

यति विचार गरी उनले जनताहरूलाई यसरी भने -"हे शिवि राष्ट्र वासीहरू हो ! मलाई जुन महत्त्वपूर्ण गुणले भरेका आँखाहरू प्राप्त भइरहेका छन्, यसलाई हेरेर तिमीहरूले पनि दानको महिमा बुझ्ने कोशिस गर्नु । अब देखि तिमीहरूले दान नदिइकन खाने नगर्नु । हे सिवि निवासीहरू हो ! आज तिमीहरूले मेरो यस चक्षुको गुण बारे राम्ररी जानकारी राख्नु । मेरा यी आँखाहरूले धेरै टाढा टाढाका वस्तुहरू पनि देख्न सक्छन् । मैले मासुको आँखा दान दिई दिब्य आँखा प्राप्त गर्न सफल भएँ ।

यसलाई नै प्रमाण मानी तिमीहरूले आफुले सक्दो यथा सामर्थ्य दान दिई त्याग चित्त राख्ने बानी बसाल्नु । मानिसहरूको जीवनमा त्याग भावनाले ठूलो र उच्च स्थान लिएको छ । त्यागभावना राख्न सकेको व्यक्तिले मात्र आनन्दपूर्वक जीवन विताउन सक्नेछ ।"

यसरी समय समयमा राजाले जनताहरूलाई दानको महिमा बताउँदै जनताहरूलाई पनि त्याग भावना श्रृजना गराउन सफल भए । जसले गर्दा बुद्धत्त्व प्राप्तिका लागि अत्यन्त आवश्यक त्यागमय भावनाको वीऊ रोप्न सीविराजा सफल भए । ■



Downloaded from http://www.dhamma.digital

# सस जातक

दिनभर खानाको खोजीमा हिंड्दै आ-आफ्ना पेट भरि सकेपछि सधैं जसो साँझपख आरामको लागि एक उपयुक्त स्थान खोजी स्वच्छ हावा खाँदै जम्मा हुने गर्थे यी ४ जवान घनिष्ट मित्रहरू - बाँदर, गिद्द, उदबिलाव (पानीमा रहने विरालो जस्तो एक जनावर) र खरायो । यी चारजना घनिष्ट मित्रहरू मध्ये धर्मको कुराबारे राम्ररी जान्ने सुन्ने पण्डित खरायो थियो ।

सधैं झैं आज पनि साँझपख जम्मा भए तिनीहरू त्यही स्थानमा । जुनेली रातको चन्द्रमालाई नियाल्दै साथीहरूसंग धार्मिक कुराको विषयमा गफ गर्दै रहेका पण्डित खरायोले भने - साथीहरूहो ! भोली त पूर्णिमाको दिन हो । त्यसैले हामीले भोलीको दिनमा उपोसथ व्रत पालन गर्नुपर्छ । यसरी शीलमा प्रतिष्ठित भएको दिन आफुले सक्दो दान दिन पाए त अझ सुन माथि सुगन्ध हुनेछ । त्यसैले भोली हामी चारै जना साथी भाईहरूले कोही पनि याचकलाई आफुसंग भएका खानेकुरा दान दिएर मात्र आफुले खाने गरौं ।"

आफ्नो पण्डित साथी खरायोको कुरामा सही थाप्दै अरु तीन जना साथीहरूले एकै स्वरमा भने - हो, हो, ठीक कुरो हो यो । हामी सबैले भोली यस्तै गर्नेछौं ।" यति भनी सबैजना आ-आफ्ना निवास स्थानमा फर्की सुत्ने तरखर गर्न थाले ।

भोलीपल्ट पूर्णिमाको दिन बिहान सबेरै उदबिलाव आफ्नो शिकार खोज्ने सिलसिलामा गङ्गाको तीरमा पुगे ।



Downloaded from http://www.dhamma.digital

त्यहाँ माछा मार्ने एक मानिसले सातवटा रोहित माछाहरू मारी तिनीहरूलाई डोरीमा उनेर गंगा किनारको बालुवा मुनि लुकाई आफु अर्को माछा मार्न त्यहाँबाट हिंडेछ । उदबिलावले माछाको गन्ध आएको तर्फ सुंघ्दै गई त्यहि बालुवाले छोपिएका माछालाई बालुवा हटाई झिक्यो । यसरी बालुवा मुनि लुकाइएका सातवटा रोहित माछाहरू निकाली त्यहिं बसेर उसले ३ पटक सम्म यसरी कराए -"यी माछाहरूका हकवाला कोही छ ?" यसरी तीन पटक सम्म कराउँदा पनि कसैले माछाका हकवाला भएको दावी गर्न नआएपछि उसले सोच्यो-"त्यसो भए मैले यो माछा लगे पनि कुनै दोष लाग्ने भएन । मतलव यी सातवटा रोहित माछाहरू मेरै भए ।" यति विचार गरी उसले सातवटा रोहित माछाहरू उनीएको डोरीलाई मुखले च्यापी आफ्नो निवास स्थानमा लगी भोलि पर्सि तिर खान पर्ला भन्दै सुरक्षित गरी राखे । अनि त्यही माछाहरूलाई हेर्दै आफ्नो उपोसथ शीललाई विचार गरी लेटिरहे ।

गिद्द पनि आफ्नो निवास स्थानबाट निस्केर आफ्नो भोजन खोज्न हिंडयो । उ भोजन खोज्दै एक कृषकको झोपडीमा पुगेछ । त्यहाँ उसले मासु उनीएको डंडी दुईवटा, एक गोह (छिपकली जातको एक जन्तु) र दहीले भरिएको एक हाँडी देख्यो । उसले पनि आफु दोषबाट बच्ने उपायले तीन पटक सम्म यसरी कराए -"यी खानाका हकवाला कोही छ ?" जब कोही पनि हकवाला त्यहाँ देखा परेनन्, तब उसले हाँडी बाँधिएको डोरीलाई आफ्नो घाँटीमा लट्काई, मासु उनिएका डंडीहरू र गोहलाई मुखमा च्यापी ल्याएर आफ्नो निवास



Downloaded from http://www.dhamma.digital

स्थानमा सुरक्षित पुर्वक राखी पछि पछि मात्र खाने विचार गरे। उसले पनि त्यस खानालाई नियाल्दै आफुले पालन गर्दै रहेको उपोसथ शीलबारे विचार गरी लेटिरहे।

बाँदरले पनि जंगलमा चहार्दै हिंड्दा आँपको झुप्पा नै भेट्टाएछ। उसले पनि त्यस आँपको झुप्पा लिएर आई आफ्नो निवास स्थानमा पछि पछि खाने विचार गर्दै सुरक्षित पूर्वक राखे। उसले पनि आफ्नो शीललाई विचार गर्दै आराम साथ लेटिरहे।

उता बोधिसत्त्व खरायो पनि बिहान सबेरै उठेर राम्रा राम्रा घाँस खाने विचारले आफ्नो निवास स्थानबाट निस्कि झाडीभित्र पसी सोच्न थाल्यो -"यदि कोही याचक म समक्ष आयो भने उसलाई दिनको लागि मसंग घाँस र अन्य केही पनि खाने कुरो छैन। त्यसैले अहिले कोही याचकले माग्न आयो भने मैले उसलाई आफ्नै शरीरको मासु भएपनि दान गर्नेछु।"

पण्डित खरायोले आफ्नो निर्मल चित्तले आफ्नो शरीरलाई नै दानको रुपमा अर्पण गरेको सत्यताको प्रभावले गर्दा होला त्यहि समयमा एक ब्राह्मण याचक उदविलाव समक्ष गई केही खानेकुरो मागेछ। उसलाई देखी उद्बिलावले सोध्यो-"भो ब्राह्मण ! तपाईं यहाँ के कति कारणले उभिई रहनु भएको होला ?" ब्राह्मण -"म त यहाँ केही खानेकुरो प्राप्त हुन्छ कि भन्ने आशा लिएर यहाँ उभिरहेको छु।"

उद्विलावा -"हुन्छ म तपाइँलाई आहार उपलब्ध गराइदिनेछु। भो ब्राह्मण ! मसंग पानीबाट ल्याइएका सातवटा



Downloaded from http://www.dhamma.digital

रोहित माछाहरू छन् । तपाइँले यी माछाहरू खाएर आफ्नो व्रत पालन गर्नुहोस् ।"

ब्राह्मण -"हुन्छ त्यसोभए मैले तपाइँको दान स्वीकार गरें । तैपनि अहिले त सवेरै छ । म एकछिन पछि मात्र त्यो खाना दान लिन आउनेछु ।"

यति भनी ब्राह्मण गिद्द समक्ष दान लिन गए । गिद्दले पनि याचकको इच्छा जानिसकेपछि आफुले खानाको लागि ल्याएर राखिएको मासु, गोह, र दही भएको भाँडो दान दिने इच्छा प्रकट गऱ्यो । ब्राह्मणले पहिला जस्तै यो दान पनि पछि मात्र लिन आउने वचन दिई त्यहाँबाट पनि हिंडे । त्यहाँबाट हिंडेर ब्राह्मण बाँदर समक्ष पुगेछ । बाँदरले पनि याचक ब्राह्मणको इच्छा बुझिसकेपछि याचक ब्राह्मणको लागि आफुसंग भएको पाकेको आँपको झुप्पा, चीसो पानी र शीतल छाँया दिन सक्ने बचन व्यक्त गरे । उसलाई पनि याचकले यी चीजहरू पछि मात्र दान लिने वाचा गरी त्यहाँबाट हिंड्यो ।

Dhamma.Digital

जाँदा जाँदा उ पण्डित खरायो समक्ष पुग्यो । खरायोले आफ्नो अगाडि याचक एकजना उभिरहेको देख्ने बित्तिकै प्रशन्न हुँदै सोध्यो - भो ब्राह्मण ! तपाइँ के कति कारणले यहाँ उभिरहनु भएको होला ? याचकले आफ्नो इच्छा व्यक्त गर्ने वित्तिकै खरायोको खुशीको सीमा रहेन । उसले सोध्यो - "मैले आजको उपोसथ व्रतको दिनमा कुनै याचक फेला परेमा म आफ्नै शरीर दान गर्नेछु भनी विचार गरेको थिएँ । आज मेरो सम्पूर्ण इच्छा पूर्ण हुने भयो । बुद्धत्त्व प्राप्त गर्नका लागि नभई नहुने दान पारमिता पूरा गर्ने महत्त्वपूर्ण अवसर



Downloaded from http://www.dhamma.digital

हो यो । यो अवसरलाई मैले अवश्य पनि गुमाउनु हुँदैन । कस्तो अहो भाग्य हो यो !"

यति विचार गरी हर्षले गद् गद् हुँदै बोधिसत्त्व खरायोले याचकलाई भन्यो -"ब्राह्मण ! तपाइँ जुन आहार को लागि यहाँ सम्म आउनु भयो, त्यस आहार पूर्ति गर्नको लागि मैले ज्यान सम्म बाजी लगाएर भए पनि कोशिस गर्नेछु । आज मैले पहिला कहिल्यै पनि दान दिन नपाएको वस्तु दान गर्नेछु । भो ब्राह्मण ! तपाईं त सदाचारी हुनुहुन्छ । त्यसैले तपाइँले अवश्य पनि हिंसा गर्नु हुन्न होला । अब तपाइँले जंगलबाट ससाना काठहरू खोजेर ल्याई एक ठाउँमा आगो बाल्नुस् । जब राम्ररी आगो बल्नेछ तब मलाई खवर गर्नुस् । म त्यस बलिरहेको आगोमा हाम्फाल्नेछु । अनि मेरो शरीर आगोमा पोलिएर राम्ररी पाकेपछि तपाईंले मेरो शरीरको मासु खाई आफ्नो पेट भरी श्रमण धर्म पूरा गर्नुहोस् ।

खरायोको यस्तो कुरा सुनी त्यस याचक ब्राह्मणले जंगलमा गई सुकेका काठहरू खोजेर ल्याई आगो बाल्यो । जब राम्ररी आगो बल्यो, तब खरायोले भने जस्तै याचक ब्राह्मणले खरायोलाई सूचना दिन गयो । सूचना पाइसकेपछि खरायोले आफ्नो शरीरमा कुनै कीट पटङ्ग छ भने झरेर जावस् भन्ने मनशाय राखी तीनपटक सम्म शरीर झट्कान्यो । यति गरिसकेपछि आफ्नो शरीर दान दिन पाएको खुशियालीले मन प्रशन्न पार्दै बलिरहेको आगोमा हाम्फाल्यो । तर आश्चर्य ! यसरी पण्डित खरायोले आगोमा कुदेपनि उसलाई वेदनाले सताएन । उसले आगोको वीचमा



Downloaded from http://www.dhamma.digital

रहेर पनि शीतलताको अनुभव गरी प्रसन्न हुँदै कुरा गरिरह्यो। दानी खरायोको यस्तो चमत्कारपूर्ण व्यवहार देखी याचक ब्राह्मणलाई ज्यादै आश्चर्य लाग्यो। उसले सोच्यो - "अवश्य पनि यस खरायोको चित्तमा पवित्र मैत्रीले ओगटेको हुनुपर्छ। त्यसैले उसको भित्री मनको मैत्री भावनाको शीतलताको प्रभावले गर्दा बाहिरी आगोको तापले समेत उसको शरीरलाई छुन सकेन। असाधारण त्यागमय भावनाले प्रेरित रहेको र शुद्ध आचरणले युक्त भएको यस खरायोको मासु खाई श्रमण धर्म पालन गर्नु उचित हुने छैन। मेंरो धर्मलाई सुहाउँदैन यो कार्य।" यति सोची उसले खरायोलाई भन्यो-"हे पण्डित खरायो ! म तिम्रो त्यागमय भावना देखेर ज्यादै प्रभावित भएँ। मैले त तिमो मासु खाने आशाले होइन तिम्रो त्यागमय चित्तको सत्यता जाँच्नका लागि मात्र तिमीसंग दान लिन आएको हुँ। म तिम्रो त्यागी चित्तबाट सन्तुष्ट भएँ। कृपया तिमी आगो भित्र नबसी बाहिर आउनु। तिमी आगोमा जल्नु उचित छैन। विन्ति छ मेरो कुरो मान।"

याचकको यस्तो प्रार्थना सुनेर बोधिसत्त्व खरायोले भने- हे याचक ब्राह्मण। तपाईंको त के कुरा ? यदि यो सारा संसारले पनि मेरो त्यागमय चित्तको जाँच लिन चाहन्छ भने पनि उनीहरूले मसंग यस्तै त्यागमय चित्तलाई भेट्टाउने छन्।"

अनि बोधिसत्त्व खरायो देखि प्रभावित भएका त्यस याचक ब्राह्मणले खरायोलाई फेरि भने -"तिम्रो गुण सारा कल्प सम्म पनि प्रसिद्ध रहिरहोस्। तिम्रो मनका सबै राम्रा



Downloaded from http://www.dhamma.digital

इच्छाहरू परिपूर्ण होस् । तिम्रो बोधिचित्तलाई अझ सुदृढ बनाई लान सकोस् ।" यति भन्दै याचक ब्राह्मणले बोधिसत्त्व खरायोलाई आगोबाट झिकी रशीलो दुबो भएको स्थानमा लगी आरामपूर्व लेटाइदियो ।

पछि खरायोले आफ्ना तीन साथीहरू, बाँदर, उदविलाव र गिद्द संगै रही यी चारैजना घनिष्ट मित्रहरू एक मतका साथ प्रसन्न चित्त राखी आ-आफ्ना आचरण शुद्ध पारी समय समयमा उपोसथ ब्रत पालन गर्दै आ-आफ्ना कर्मानुसार परलोकगामी भए । ■

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# वेस्सन्तर जातक

भरखर ८ बर्ष मात्र पुगेको बालक युवराज वेस्सन्तरले आफ्नो दानकार्य स्मरण गर्दै सोचिरहे-मेरो बचपनदेखि दान दिँदै आएको चित्तलाई मैले सन्तुष्ट पार्न सकिरहेको छैन । मेरो दान दिने प्रवल इच्छा झन झन बढ्दैछ । पाँच वर्षको छँदा मैले आफ्ना सबै गहनाहरू धाईहरूलाई दिएँ । यसरी नै आफ्नो शरीरमा लगाईदिएका गहनाहरू सबै नौपटक सम्म पनि उतार्दै दान दिइसकें । अब त मलाई मेरो शरीर नै दान दिन मन लागिरहेको छ । मेरो मुटु, आँखा, मासु र रगत आदि ज-जसले जे जे माग्छ, त्यही- पदार्थ शरीरबाट झिकेर दान दिन मन लागिरहेको छ मलाई ।"

हुँदा हुदा सोऽह्र वर्षको जवानी उमेरमा पुगिसकेपछि बोधिसत्व सबै शिल्प शास्त्रहरूमा पारंगत भए । वेस्सन्तरका बुबा संजय राजाले युवराज वेस्सन्तरलाई उनकै मामाकी छोरी मद्दी नाम गरेकी सुन्दरी केटीसंग विवाह गराई राज्याभिषेक गरिदिए । बोधिसत्त्व वेस्सन्तरले आफु राज्यमा प्रतिष्ठित भइसकेपछि प्रतिदिन ६ लाख सम्पत्ति त्याग गरी महादान दिए । केही वर्ष पछि मद्दी देवीले एक पुत्र जन्माइन् । यस बालकको नाम जाली कुमार राखियो । जालीकुमार हिंड्डुल गर्न सक्षम भइसके पछि उनीले फेरि एक पुत्री जन्माइन् । यस बालिकाको नाम कृष्णाजिनी राखियो ।

बोधिसत्त्व वेस्सन्तर महिनाको ६ दिन अलंकृत हात्तीमाथि चढी दानशालामा रेखदेख गर्नको लागि जाने गर्थे । यसरी



Downloaded from http://www.dhamma.digital

उसले आफ्नो मनको इच्छा पूर्ण हुने गरी दान गरी दानपारमिता पुरा गरिरहेका थिए ।

एक समय कलिङ्ग राष्ट्रमा अनावृष्टि भई अनिकाल पऱ्यो । त्यसैले जनताहरू राजा समक्ष आफ्नो दुःख पोख्न गए । राजाले जनताहरूसंग सल्लाह माग्दा जनताले जेतुत्तर नगरका वेस्सन्तर राजा महादानी भएको र उसंग भएको मंगल हात्ती ल्याउन पाए कलिङ्ग देशमा वर्षा हुनसक्ने कुरा सुनाए । अनि कलिङ्ग राष्ट्रका राजाले जेतुत्तर नगरबाट सेतो मंगल हात्ती ल्याउनका लागि ८ जवान ब्राह्मणहरू जेतुत्तर नगर तर्फ पठाए ।

पूर्णिमाको दिन राजा वेस्सन्तर याचकहरूलाई दानदिनका लागि अलङ्कृत हात्ती माथि चढी पूर्वद्वारबाट दक्षिण द्वारतर्फ अगाडि बढ्दा कलिंग देशका ब्राह्मणहरूलाई देखी उनीहरूको इच्छा बुझ्दा आफ्नो मंगल हात्ती मागेको कुरा थाहा पाए । तब उनले विचार गरे- “मैले आफ्नो टाउको देखि आफ्ना शरीरका हरेक भाग त दान दिन तयार भइरहेको व्यक्ति हुँ । तर यिनीहरूले मेरा शरीरका भाग होइन वाह्य वस्तु मागिरहेका छन् । यिनीहरूको इच्छा पूरा गर्नु मेरो कर्त्तव्य हो ।” यति विचार गरी राजा वेस्सन्तरले आफु हात्तीबाट ओर्लेर अमूल्य गहनाहरूले झकिझकाउ भएका हात्ती दान दिए । हात्तीको साथै त्यस हात्तीलाई देखभाल गर्ने माउतेहरू पनि दान दिए । जब यस मंगल हात्ती दान दिइयो, तब देशभरी हलचल मच्चियो । सारा नगर आकुल व्याकुल भई ठूलो हल्लिखल्लि मच्चियो । ब्राह्मण याचकहरूले मंगल हात्ती लगेको देखेपछि जेतुत्तर नगरवासीहरू क्रोधित भई राजा



Downloaded from http://www.dhamma.digital

समक्ष विरोध जुलुस गई यसरी कराउन थाले -"अन्न, वस्त्र, शयनासन आदि चीज वस्तुहरू त याचक ब्राह्मणहरूलाई दान दिन योग्य छ । तर युवराज वेस्सन्तरले कुल परम्परा देखि रक्षा गरी राखिएको देशको रक्षक मंगल हात्तीलाई दान दियो । जुन हात्ती देशको अमूल्य सम्पत्ति हो । यो हात्ति रहेन भने हाम्रो देशमा दुर्भिक्ष हुन सक्छ । यस्तो अमूल्य लक्षणले भरिएको हात्ती दान दिएर हाम्रो राज्य कसरी रक्षा हुन सक्छ ? अव यो राज्यको कुन गति हुने हो कुन्नि ? यदि तपाईंले नागरिकहरूको कुरा सुन्नु भएन भने तपाईंको छोरा वेस्सन्तर सहित तपाइँको राज्य समेत सिवि नगरका जनताहरूले हात पार्नेछन् ।"

जनताहरूको यस्तो विरोध आवाज सुनी राजा संजयले विचार गरे -"अवश्य पनि यिनीहरूले मेरो छोरो वेस्सन्तरलाई हत्या गर्नेछन् ।" यस्तो विचार गरी राजा डराई प्रजागणसंग युवराज वेस्सन्तरको जीवन दान मागी प्रजागणको राय मान्न तयार भए । अनि मंगल हात्ती दान दिएको दण्ड स्वरूप वेस्सन्तरलाई नगरबाट निकाला गरी वंकपर्वतमा पठाइदिने निर्णय गरियो ।

मंगल हात्ति दान दिएको फलस्वरूप आफूलाई प्रजागणको तर्फबाट नगर निकाला गरिएको खवर सुनी युवराज वेस्सन्तरले विचार गरे -"बुद्धत्त्व प्राप्तिका लागि आफ्नो शरीरका मासु, रगत, आँखा र प्राण समेत पनि दान दिन तयार भइरहेको मैले हीरा, मोती, सुन चाँदी इत्यादी वाह्य पदार्थहरू मात्र दान दिएसम्म कुनै ठूलो कार्य गरेको ठान्दिन । जनताले मलाई दान दिएको कारणले नगर निकाला



Downloaded from http://www.dhamma.digital

मात्रको के कुरा ? मृत्यु दण्ड नै दिएपनि मेरो चित्त दान दिने कार्यबाट कदापि विचलित हुनेछैन ।

तैपनि वेस्सन्तरले जनताहरू समक्ष आफ्नो एक सर्त राख्यो -"मैले जनताहरूसंग भोली एक दिन यस नगरमा रहन पाउने माग राखेको छु । किनभने मैले भोली एकदिन भएपनि सप्तशत दान दिई नगर बाहिर जाने निर्णय गरेको छु ।"

युवराज वेस्सन्तरको यस मागलाई जनताहरूले स्वीकार गरे ।

आफ्ना स्वामी वेस्सन्तर राज्य त्यागी वंक पर्वतमा जाने कुरा सुनेपछि मद्दी रानीले पनि आफ्ना छोरा जालीकुमार र छोरी कृष्णाजिनी सहित आफ्ना स्वामीको साथ गई वंक पर्वतमा जीवन गुजार्ने शाहस गरिन् ।

उता राजा सञ्जयकी महारानी वेस्सन्तरकी माता फुसती देवीले आफ्ना दानी पुत्र वेस्सन्तरलाई नगरबाट निकाला गरिने खवरले शोकाकूल भई राजा समक्ष यस कार्यको विरोध गरिन् । तव राजाले उनीलाई सम्झाउँदै भने -"भो रानी ! मलाई मात्र आफ्ना पुत्र वेस्सन्तर मन नपरेको होइन । मेरो राज्य भन्दा पनि मलाई मेरो पुत्र वेस्सन्तर बढि प्रिय छ । तर के गर्नु ? हामी राजाहरू जनताका सहमती अनुसार चल्न सक्नु पर्छ । यो हाम्रो कर्त्तव्य हो । त्यसैले पहिला पहिला देखि चलि आएको सिवी राज्यको झण्डा र सिवी राज्यका जनताका रायलाई गौरव र सम्मान राखी आफ्नो कर्त्तव्य र धर्म पालन गर्दै आज मैले आफूलाई अति मनपर्ने पुत्र युवराज वेस्सन्तरलाई समेत नगरबाट निकाला गर्न लागिरहेको छु ।



Downloaded from http://www.dhamma.digital

कुनै कारणबाट पनि मैले आफ्ना जनताहरूको इच्छालाई असन्तुष्ट पार्न सक्दिन। प्रजागणलाई सन्तोष पारी उनीहरूको चित्त बुझाउनु नै हाम्रो धर्म हो। राजा भएर मैले प्रजागणको रायतर्फ बढि ध्यान दिनु पर्छ। योग्य, अयोग्य, धर्म र अधर्म उनीहरूले नै बुझ्ने छन्।

यो कुरो सुनी महारानी फुसती देवीले ज्यादै विलाप गरिन्। महारानीको विलाप सुनी राज भवनका अरु पनि थुप्रै सदस्यहरूले दरवारे थर्किने गरी विलाप गरे।

भोलीपल्ट युवराज वेस्सन्तरले याचकहरूलाई सप्तशत दान दिई आफ्ना पिता र मातासंग नगर त्याग्न अनुमति मागे। आमा बुबालाई दण्डवत गरी राजभवनबाट निस्केर रथमा बसे।

राजा रानी दुबैलाई दण्डवत गरी मद्दी रानीले शोक नगर्न आग्रह गर्दै आफ्ना छोराछोरी सहित रथमा बस्न गइन्।

रथमा बसि सकेपछि वेस्सन्तरले आफूलाई भेट्नका लागि पतांगरीमा जम्मा भइरहेका राजभारदार सहित प्रजागणहरूसंग बिदा लिई आफूसंग भएका बस्तुहरू दान दिंदै सबैलाई आशिर्वाद दिंदै रथ अगाडि सारे।

आफूलाई नगर बाहिर सम्म पुऱ्याउन आएका साथीहरू, मन्त्रीमण्डल तथा ६० हजार सैन्यहरू र अन्य लावालस्कर हरूलाई बिच बाटोमा बिदा दिई फर्काई सकेपछि वेस्सन्तरले आफ्नी श्रीमती मद्दीदेवीलाई भने- "भो मद्दी ! कोही याचक ब्राह्मणहरू पछाडि आइराखेको देख्यौ भने मलाई खवर गर्नु।" यति भनी रथ अगाडि साऱ्यो।



Downloaded from http://www.dhamma.digital

युवराज वेस्सन्तरले सप्तशतिक दान दियो भन्ने खवर सुनी दान लिन भनी आएका ४ जवान ब्राह्मणहरूले समयमै उक्त दान लिन आउन नभ्याएका रहेछन्। त्यसकारण अबेला आइपुगेका ती ब्राह्मणहरूले युवराज वेस्सन्तर रथमा बसी जंगल गइसकेको खवर सुनी रथमा रहेका घोडाहरू भएपनि दान लिने इच्छाले दगुरे । मद्दी रानीले ब्राह्मणहरू हस्याङ्ग फस्याङ्ग गर्दै हतारिंदै आइरहेको देखी वेस्सन्तरलाई यो सूचना दिइन्। वेस्सन्तरले रथ रोकी ती ब्राह्मणहरूलाई उनीहरूको पछाडि आइरहनुको कारण सोधे । उनीहरूले सबै कुराको बेलि विस्तार लगाई रथका ४ वटा घोडाहरू मागे । वेस्सन्तरले रथबाट वर्ली खुशीसाथ ती घोडाहरू दान दिए।

केही वेरपछि त्यसरी नै अरु याचक ब्राह्मणहरू आई वाकीरहेको रथ पनि मागे । अनि वेस्सन्तरले मद्दीदेवी र छोरा छोरी दुबैलाई रथबाट ओराली खुशीसाथ घोडाहरू नभएको रथ पनि दान दिइ पठाए।

त्यसपछि वेस्सन्तरले आफ्नी रानी मद्दीदेवीलाई भने- "भो मद्दी ! अब हामी जंगलमा प्राकृतिक सौन्दर्य हेर्दै यी छोराछोरी दुबैलाई हामीले नै बोकेर विस्तारै हिंड्ने छौं। यति भनी छोरी कृष्णाजिनीलाई मद्दीरानीले र छोरा जाली कुमारलाई वेस्सन्तरले बोकी दुःख सुखका कुरा गर्दै पैदल यात्रा गरे।

वाटोमा हिंडेका बटुवाहरूलाई समय समयमा वंक पर्वत कति टाढा पर्छ भनी सोद्धा उनीहरूले ज्यादै करुणा दृष्टिले हेर्दै भन्ने गर्थ्यो -"धेरै टाढा पर्छ, अहो ! कहिले पुग्नुहुन्छ होला तपाइँहरू यी बालबच्चाहरू बोकी ?"



Downloaded from http://www.dhamma.digital

बाटोको दायाँबाँया विभिन्न फलहरू फलिरहेको हुन्थ्यो। बनको रमणिय दृश्य हेर्दै छोराछोरीले खान मागेका रसीला फलहरू टिपेर दिंदै आफुहरूले पनि खाँदै युवराज वेस्सन्तर र मद्दीदेवी समय समयमा रुखका शीतल छहारीमा विश्राम गर्थे। यसरी दुःख सुखका कुरा गर्दै चार जवान सदस्यका यी सुखी परिवार फलफुल खाँदै आफ्नो जीविका निर्वाह गरी गन्तब्य स्थानतिर पाइला सार्ने गर्थ्यो।

जाँदा जाँदा उनीहरू वेस्सन्तरको मामा घर चेतराष्ट्रमा पुगियो। तर उनीहरू चेतराष्ट्रको नगर भित्र चाँहि पसेनन्। नगर बाहिर एक सत्तलमा विश्राम लिएर बसे। चेतराष्ट्रका कुनै महिलाहरू कारणबस आफ्नो काम धन्दा सकाएर आफ्नो नगर भित्र पस्न लाग्दा नगर बाहिरको एक सत्तलमा मद्दीदेवीलाई देख्ने वित्तिकै उनीहरूलाई शंका लागि सोधपुछ गर्दा वेस्सन्तर राजकुमारको सपरिवार भनेर थाहा पाए। अनि यो खवर चेतराष्ट्रभित्र पुगियो। त्यसपछि चेतराष्ट्रका राजा सहित अन्य कर्मचारीहरू पनि आई वेस्सन्तर समक्ष यथार्थ कुरा बुझे। सबै कुरा बुझिसकेपछि चेत राष्ट्रका नरेशले वेस्सन्तरलाई वंक पर्वत नगई चेतराष्ट्रमा नै बसी राज्य चलाउन आग्रह गरे। तर राजकुमार वेस्सन्तरले यो कुरोलाई इन्कार गर्दै भने -"यदि मैले आफ्नो कर्त्तव्य पालन नगरी वंक पर्वतमा श्रमण धर्म पालन गरी बसेन भने यसको परिणाम नराम्रो हुनेछ। यसले भविष्यमा चेतराष्ट्र र जेतुत्तर राष्ट्र बिच अनाहक कलह श्रृजना भई परस्पर शत्रुता बढ्न सक्नेछ। आफुले दिइसकेको वचनलाई पूरा गरेर देखाउनु सबै सत्पुरुषहरूको कर्त्तव्य र धर्म हो।"



Downloaded from http://www.dhamma.digital

बोधिसत्त्व वेस्सन्तरको यस्तो आदर्शले युक्त भावनालाई बुझी चेत राष्ट्रका मानिसहरूले बोधिसत्त्व वेस्सन्तर सहित परिवारलाई एकरात मात्र भएपनि भव्य रुपमा अतिथी सत्कार गरे ।

भोलीपल्ट चेतराष्ट्रका ६० हजार जवान क्षत्रीय परिवारहरूले वेस्सन्तर सपरिवारलाई चेत राष्ट्र देखि १५ योजन मार्ग सम्म पुऱ्याउन गए । त्यहाँबाट वंक पर्वत सम्म पुग्नको लागि बाकी रहेको १५ योजनको मार्ग बारे वेस्सन्तर कुमारलाई राम्ररी निर्देशन दिई उहाँको प्रव्रजित जीवनको सफलताको कामना गरी उनीहरू चेतराष्ट्र फर्के । फर्किनु अगाडि उनीहरूले वेस्सन्तरको रक्षाको लागि जंगल बाहिर एक चलाक चेतपुत्रलाई वंकपर्वत देखि १५ योजन यता वसी पहरा दिइरहन आदेश दिई फर्के । ताकि दुष्टस्वभावका मानिसहरूले वंकपर्वत सम्म पनि पुगी वेस्सन्तर समक्ष दान लिन गई अनाहकमा दु:ख नदेओस् भनी ।

बोधिसत्त्वले पनि चेतराष्ट्रका नागरिकहरूले देखाएका मार्ग अनुगमन गर्दै १५ योजनको दूरीमा रहेको वंक पर्वत पुग्नुभयो । वंक पर्वत स्थित आश्रममा पुगी आफ्नो राजवस्त्र त्यागी तपस्वी भेष धारण गर्नुभयो । यसरी नै क्रमश: मद्दीदेवी, जाली कुमार र कृष्णाजिनीलाई पनि तपस्वी भेष धारण गराइयो ।

यसरी तपस्वी भेष धारण गरिसकेपछि मद्दीदेवीले दिनहुँ आफ्नो परिवारको लागि जंगलमा फलफुल टिप्न जाने गरिन् भने तपस्वी वेस्सन्तरले आफ्ना छोराछोरीलाई हेर विचार गरेर बस्ने गर्न थाले ।



Downloaded from http://www.dhamma.digital

वंक पर्वतमा रहेको सात महिना वितिसकेपछि एकदिन कलिंग देशस्थित दुन्निवट्ठ गाउँका जूजक ब्राह्मण आफ्नी पत्नी अमित्रतापनको करकापमा परी दानी वेस्सन्तरकी पुत्र पुत्री जाली कुमार र कृष्णाजिनीलाई आफ्नी श्रीमतीकी दास वनाउने उद्देश्यले वेस्सन्तरका पुत्रपुत्री दान लिनको लागि एकदिन वंकपर्वत आइपुगे ।

त्यसवेला मद्दीदेवी फलफुल टिप्नका लागि वनमा गइरहेकी थिइन् । जाली कुमार र कृष्णाजिनी आफ्ना खैलौनाहरू अगाडि राखी खेलिरहेका थिए । जूजक ब्राह्मणलाई देखी वेस्सन्तरले वंकपर्वत सम्म कष्ट उठाई आउनुको कारण सोधे । जूजकले भन्यो -"भो दानी वेस्सन्तर ! मलाई रुपैयाँ पैसाको आवश्यकता त छैन । म बूढो भएँ । त्यसैले मेरा केही कामहरू गराउनका लागि तपाईंका छोरा छोरीहरू माग्न आएको छु । यदि मेरो यो इच्छा पूरा गरिदिनु भएमा तपाईंले म प्रति ठूलो उपकार गरेको ठहरिने छ ।"

ब्राह्मणको यति कुरा सुनेपछि वेस्सन्तरको मन अति आनन्द र प्रसन्न भयो । उसले खुशी हुँदै भन्यो -"भो ब्राह्मण ! तिमी मेरा छोरा र छोरीका मालिक भयौ । मैले तिमीलाई मेरा छोरा र छोरी दुबैजना दान दिने भएँ । तर यिनीहरूका आमा मद्दीदेवी फलफुल टिप्नका लागि बिहान देखि जंगलमा गइरहेकी छिन् । उनी साँझपख आउनेछिन् । त्यसैले उनी नआउञ्जेल कुरी मेरा पुत्र र पुत्री दान लिई आजको रात यहीं बिताएर उनीले ल्याएको गुलीया र रसीला फलफुलहरू खाई भोली बिहानीपख मात्र फर्कनुस् ।



Downloaded from http://www.dhamma.digital

बेस्सन्तरले मैत्रीपूर्वक अनुरोध गरेको कुरालाई जूजकले स्वीकार गरेनन् । उसले विचार गऱ्यो -"यी बच्चाहरू दान लिने सुवर्ण मौका त अहिले नै हो । जब यिनका आमा जंगलबाट फर्किनेछिन्, तब आमाको हृदयले बच्चा त्याग्न मान्ने छैन । बच्चाहरू पनि आमाको न्यानो माया त्यागेर मसंग जान मान्ने छैनन् र मेरो योजनामा अवरोध आउनेछ । त्यसैले यी बच्चाहरूका आमा फर्किनु अगाडि नै दान लिएर भागी हाल्नु उचित हुनेछ ।"

यति विचार गरी जूजक ब्राह्मणले जालीकुमार र कृष्णाजिनीलाई सके सम्म चाँडै दान दिन आग्रह गरे । अनि वेस्सन्तरले बाध्य भएर बच्चाहरूलाई मद्दीदेवी जंगलबाट फर्किनु अगाडि नै दान दिनको तरखर गर्नपऱ्यो ।

आफ्ना छोरा र छोरीलाई जूजक ब्राह्मणले आफ्ना बुबा राजा संजयसमक्ष लगेको खण्डमा जूजक ब्राह्मणले थुप्रै पुरस्कार पाउने हुनाले जूजक ब्राह्मणलाई पनि भलो हुने र आफ्ना छोरा छोरीले पनि दुःख नपाउने विचार गरी वेस्सन्तरले जूजक ब्राह्मणलाई यस कुरा बारे अनुरोध पनि गरे । तर जूजक ब्राह्मणले यस अनुरोधलाई पनि इन्कार गर्दै भने -"भो वेस्सन्तर । मैले तिमीले भनेको कुरा मान्न सक्दिन । मलाई राजाले दिने धन र पुरस्कारको आवश्यकता छैन । मलाई त यी वच्चाहरू सके सम्म छिटो लगी मेरी ब्राह्मणीको काम सघाउन पाए पुग्छ ।"

जूजकको यस्तो कडा वचन सुनी जाली र कृष्णाजिनी ज्यादै डराए । जूजक ब्राह्मणको डरलाग्दो रुप, कडा मिजास र नराम्रो स्वभाव देखि तर्सेका जाली कुमार र कृष्णाजिनी



Downloaded from http://www.dhamma.digital

पोखरीको किनारमा गई कमलको पातले छोपी लुकिरहे ।

जब वेस्सन्तरले उनीहरू दुवैलाई लुकीरहेको स्थानबाट खोजी फेला पारे तब उनीहरू दुबैले डराउँदै वेस्सन्तरको दाँया र बाँया खुट्टा वेस्सरी समाती रुँदै भने -"बुबा ! आमा जंगलबाट फर्किनु भएको छैन । आमा नआउन्जेल यहीं बसी उहाँको मुख एक पटक मात्र हेरी जानपाए हुन्थ्यो ।"

वेस्सन्तरले आफ्नो आँसु पुछेर मन धैर्य गर्दै भने - "मेरा छोरा र छोरी हो ! तिमीहरूले म एक दान गर्ने दानी व्यक्ति भनेर थाहा पाएका नै छौ । मेरो काम नै दान दिनु हो । त्यसैले तिमीहरूले मेरो मनोरथ पूर्ण हुने काम गरिदेऊ ।" यति भनी आफ्ना छोराछोरीहरूको चित्त प्रसन्न पार्दै धैर्य दिई आश्रम तिर लगी पानीले भरिएको कमण्डल लिई यसरी प्रार्थना गरे -"भो ब्राह्मण ! मेरा यी छोरा छोरी दान दिएको कारणले मैले बुद्धत्त्व प्राप्त गरी जगतका प्राणीहरूलाई उद्धार गर्न सकुँ । भो जूजक ब्राह्मण ! मैले मेरा यी छोरा-छोरीहरूलाई मन नपरेर दान दिइरहेको होइन । यी छोरा-छोरीहरू मलाई मेरो मुटु र आँखाहरू भन्दा पनि प्यारा छन् । अझ यी छोराछोरीहरू भन्दा पनि सयौं, हजारौं र लाखौं गुणा बढि बुद्धत्त्व नै प्रिय छ । त्यसैले मैले यी पुत्र पुत्रीहरूलाई बुद्धत्त्व प्राप्ति को खातिर दान गर्दैछु ।" यति भनी वेस्सन्तरले कमण्डलको पानी बहाउँदै पुत्र पुत्री दान दिए ।

दान दिइसकेपछि बोधिसत्त्वले मनमनै प्रीति उत्पन्न गरी" अहो ! मेरो दान ! भन्दै आफ्ना पुत्र पुत्रीहरूको अनुहार नियाली रहे ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि जूजक ब्राह्मणले बनमा गई रुखका लामा लामा लहराहरू काटी ल्याएर त्यसको डोरी बनाई वेस्सन्तरका पुत्र पुत्रीहरूका ससाना कलिला हातहरूमा बाँधी तान्दै घिसार्दै लगे । यस दृश्यलाई वेस्सन्तरले धैर्य गर्दै सहेर टुलु टुलु हेरिरहे ।

वेस्सन्तरका पुत्रपुत्रीहरू जूजक ब्राह्मणको अभद्र व्यवहार देखेर ज्यादै तर्से । ती दुई बालकहरू डरलाग्दो ब्राह्मणको यस्तो अशोभनिय व्यवहार देखेर उसंग जान नमानेपछि जूजक ब्राह्मणले ती दुबै बालबालिकाहरूलाई निर्दयता पूर्वक रुखका लताहरूले पिट्ने गर्थे । यसरी निदर्यतापूर्वक ती निर्दोष बालबालिकाहरूलाई घिसार्दै र पिट्दै लगेको दृश्यले वेस्सन्तरलाई धेरै छटपटायो । एकछिन त उसले आफुलाई धैर्य गर्न सकेन र जूजक ब्राह्मणलाई एकातिर हटाएर ती निर्दोष बालबालिकालाई आफैले फिर्ता ल्याउन मन लाग्यो । तर तुरुन्त होश सम्हाली आफ्नो चित्तलाई धैर्य गर्दै जवरदस्ती सहेर बसे । अचानक जूजक ब्राह्मण लडखडाई लडे । यही मौका पारी जाली कुमार र कृष्णाजिनीले आफुलाई बाँधि राखेको डोरी फुकाली दगुर्दै आफ्ना बुबा वेस्सन्तरकहाँ भागे । जूजक ब्राह्मण देखी थरथर काँपि रहेका ती बाल बालिकाहरूलाई एकछिन मै जुरुमुर्याउँदै उठेर जूजक ब्राह्मणले फेरि रिसाउँदै राता राता आँखा पारेर तान्न आए । अनि जाली कुमार र कृष्णाजिनीले आफ्ना बुबा वेस्सन्तर समक्ष विलाप गर्दै भने -"पिता ! हाम्रा माता जंगलबाट फर्कनु हुँदै उहाँले हामीलाई नदेखेपछि जब विरह गर्नुहुन्छ, तब कृपया तपाईंले उहाँलाई हाम्रो खेलौनाहरू हात्ती, घोडा इत्यादि



Downloaded from http://www.dhamma.digital

दिई फकाउनुहोस् । हाम्रो माता हामी नदेखेपछि कति रुने होला । आज हामीले हामी खेल्ने पोखरी, आश्रम, हाम्रो खेलौनाहरू, यी फलफुलका बोटहरू र हाम्रा आमा बुबाहरू सबैलाई त्यागेर जान परिरहेको छ ।"

यसरी विरह गरिरहेका बालबालिकाहरूलाई जूजक ब्राह्मणले रीसले दाऱ्हा किट्दै "तिमीहरू त खूब भाग्न जानेका रहेछौ होइन ?" भन्दै हातमा डोरीले बाँधी फेरि तानेर पिट्दै लगे। यस दृश्यलाई मौन भएर हेरिरहेका वेस्सन्तरलाई उसका पुत्र पुत्रीहरूले भने -"पिता ! यस ब्राह्मणले हामीलाई उसका दास दासीहरूलाई जस्तै निदर्यतापूर्वक पिटिरहेका छन् । यो मान्छे त ब्राह्मण जस्तो पनि छैन। ब्राह्मणहरू त धार्मिक हुनु पर्ने होइन र ? यो त कुनै एक यक्ष जस्तै छ। यसले त हामीलाई मारेर खानको लागि लगिरहेको जस्तो छ । तपाईंले किन केही पनि विरोध नगरी हेरी मात्र रहनु भएको ? तपाईंलाई हाम्रो माया लाग्दैन र ? यस्तो शास्ती नगर्नु भनी किन रोक्नु भएन यस ब्राह्मणलाई ?"

आफ्ना पुत्र पुत्रीहरूको दयनीय करुण विलापले भरेको स्वर सुनी वेस्सन्तरको मनमा ठूलो शोक उत्पन्न भयो। एक मनले त ती निर्दोष बालबालिकालाई निर्दयता पूर्वक बाँधेर पिट्दै लगेका त्यस ब्राह्मणलाई ठूलो सजाँय दिउँ कि क्या हो भन्दै आफ्नो शक्ति प्रयोग गर्न मन लागेको थियो । तर यो विचार उचित होइन, यो त आफ्नो पुण्य कार्यको लागि मारको रुपमा वाधक बन्दै आइ रहेको विचार हो भन्ने ठानी आफ्नो मनलाई दृढता पूर्वक संयम गरी आफ्नो आश्रम भित्र पसे ।



Downloaded from http://www.dhamma.digital

आश्रमभित्र गई वेस्सन्तरले यसरी विरह गरे -"हरे ! ती वच्चाहरूलाई तिर्खा भोक लाग्ने बेला अब कसले खुवाउँदछ होला तिनीहरूलाई ? बग्गी र घोडा मात्र चढेर गइरहेका ती वच्चाहरूले आज कसरी त्यत्रो बाटोबाट पैदल हिंडेर जान्छन् होला ? उनीहरूका ससाना खुट्टाहरू सुन्निएर आउने वेला र थकाई लाग्ने वेला उनीहरूलाई कसले बोकि देला र ? त्यस्ता सुविनीत, निर्दोष बाल बालिकालाई मेरै अगाडि त्यसरी शास्ती गरी पिटेर लाँदा उनीहरूलाई कति लाज मर्दो भयो होला ? यस्तो हृदयविदारक दृश्य हेरेर पनि केही गर्न नसक्ने पंगु जस्तो भई, घाँटी भित्र बल्छी अड्किएको माछाको रुपमा बसिरहनु परेको छ मलाई। यस्ता निर्दोष बालबालिकाहरूलाई पिट्ने त्यस ब्राह्मणको कस्तो कठोर मन होला ? यो ब्राह्मणले त मेरा छोरा छोरीलाई अति नै कष्ट दिई शास्ति गर्दैछ। यस ब्राह्मणलाई त अहिले नै गई तरवारले दुई टुक्रा पारी मेरा प्यारा छोरा छोरीलाई फर्काएर ल्याउनु राम्रो हुनेछ।"

यति विचार गरी बसिरहेको बोधिसत्त्व वेस्सन्तरको अर्को मनले फेरि यसरी सोच्न थाल्यो -"अहो ! दान दिइसकेका बाल बालिकाहरूलाई दुःख कष्ट भयो भन्दै आफुले दान दिएको कार्यबारे पश्चाताप गर्ने बानी उचित होइन। यो त सत्य धर्म पनि होइन। कुनै पनि बोधिसत्त्वले धन, अङ्ग, प्राण, श्रीमती तथा छोराछोरीहरू दान नदिइकन सम्यक सम्बुद्ध हुनै सक्दैन भने म पनि त सम्यक सम्बुद्ध हुने बोधिसत्त्वहरू मध्य एक हुँ। त्यसैले मैले पनि धन, अंग, प्राण, श्रीमती तथा छोराछोरीहरू समेत दान नदिइकन सुख नै छैन।



Downloaded from http://www.dhamma.digital

यति विचार गरी "हे वेस्सन्तर ! तिमीले छोराछोरीहरू दान दिने बेला उनीहरूलाई दु:ख कष्ट हुनेछ भनेर कसरी थाहा नपाएको ? दान दिइसकेपछि छोराछोरीहरूलाई दु:ख कष्ट भयो भनी अहिले तिमीले दान लिने याचक ब्राह्मणलाई नै मार्छु भनी सोच्नु कतिको उचित कुरो हो ? दान दिइसकेपछि चित्त दुखाई पश्चाताप गर्नु त सत्य धर्ममा रहने व्यक्तिहरूको स्वभाव धर्म होइन । दान दिइसकेका ती बाल बालिकाहरू प्रति तिम्रो कुनै हक छैन अब । ती बाल बालिकाहरू त तिम्रा होइनन् । त्यसैले फेरि एकपटक तिमीले "मेरो सन्तानलाई यस्तो गऱ्यो उस्तो गऱ्यो" भनी मनमा राखी माया जालले बाँधिएर त्यत्रो पवित्र दान कार्यमा कलंक लगाउन खोजेको ? यो दु:ख र शोक हुनुको मुख्य कारण नै तिम्रो प्रेम र स्नेहले भरिएको चित्तलाई दमन गरी बसमा राख्न नसक्नु हो । यस्तो स्नेह नाश गरी मध्यस्थ भएर रहनु पऱ्यो भन्ने सोची वेस्सन्तरले आफुले आफैलाई उपदेश दिई चित्त दृढ र धैर्य गरी पर्णशालाबाट बाहिर निस्कि आँगनको फराकिलो ढुंगामा कञ्चनको मूर्ति जस्तै भएर बस्नुभयो ।

साँझपख मद्दीदेवी हतार हतार जंगलबाट आश्रमतर्फ फलफुल बोकी आइन् । त्यसदिन पूर्णिमाको दिन रहेछ । सधैं जसो जुन ठाउँमा जाली र कृष्णाजिनी उनको बाटो हेर्दै पर्खिरहने गर्थे, त्यस ठाउँमा आज सून्य देखियो ।

यो देखी उनीले सोचिन् -"पहिला पहिला भए मेरा पुत्र पुत्रीहरू धूलोमा लटपटिएर यस स्थानमा बाच्छा बाच्छीहरूले आफ्नी आमा गाईको आशा लिएर वसे जस्तै गरी मेरा बच्चाहरूले पनि मेरो बाटो हेरेर बसिरहन्थे । जसरी चल्लाका



Downloaded from http://www.dhamma.digital

बच्चाहरू आफ्ना आमा चल्लालाई देख्ने वित्तिकै कान ठाडो पार्दै, गर्दन लामो पारी चनाखा भएर बस्थे, त्यसरी नै मेरा छोरा छोरीहरू मेरो मुटु नै न्यानो पारी म नआउन्जेल यस स्थानमा कुरिरहने गर्थे। तर आज यस स्थानमा कुकुर एउटा पनि देखिएन । पहिला पहिला भए मलाई देख्ने बित्तिकै डगुरेर आई मेरो शरीरमा लटपटिन आउने मेरा छोरा-छोरीहरू आज सुनसान हुने गरी कहाँ गए होलान् ? ऊ.......। उनीहरूका खेलौनाहरू त त्यसै फालाफाल भइरहेका छन्। आज हिजो अस्ति जस्तै आश्रम वरिपरिको वातावरण रमाइलो देखिंदैन । हेर्दै डरलाग्दो र मन नै खिन्न पार्ने खालको वातावरण छ आज । के भएको यो ? आज त मलाई एकदम नरमाइलो लाग्दैछ ।" यसरी विलाप गर्दै मद्दीदेवी चुपचाप एकान्त ठाउँमा वसिरहेका वेस्सन्तर समक्ष पुगिन् । आफ्ना श्रीमान् वेस्सन्तर समक्ष पनि आफ्ना छोराछोरीहरू नदेखेपछि उनी चुप लागेर बस्न सकिनन् र वेस्सन्तरलाई सोध्न पुगिन् -"भो स्वामी ! आज तपाईं किन नबोली चुपचाप बसिरहनु भएको ? वनका पशु पंक्षी पनि चुपचाप बसिरहेका छन्। के हाम्रा छोराछोरीहरूलाई बाघ भालुले खाए कि क्या हो ? अर्थात् उनीहरू माथि कुनै दुर्घटना त घटेन ?

खेल्न गएका उनीहरू अहिले सम्म किन फर्केनन् ? तपाइँले उनीहरूलाई कतै पठाउनु त भएन ?

मद्दीदेवीका यत्तिका प्रश्नहरू मध्ये एउटा प्रश्नको पनि उत्तर दिन तयार भएन वेस्सन्तरले। यो देखी मद्दीदेवी झन हत्तारिन् र फेरि सोधिन् -"किन नबोल्नु भएको



Downloaded from http://www.dhamma.digital

तपाइँले ? मेरो तर्फबाट कुनै भूल त भएन तपाइँ माथि? मेरो केही गल्ती त भएन ?

तर वेस्सन्तरले केही जवाफ दिएन । अनि मद्दीदेवीले आफ्ना छोराछोरीहरू जहाँ-जहाँ खेल्ने गर्थे, त्यहिं त्यहिं गई उनीहरूलाई खोज्न पुगे । तर कहिं कतै पनि भेट्टाउन नसके पछि हरेश खाँदै विलाप गर्दै फर्किन् । यसरी शोक र पीरले गलि सकेकी मद्दीदेवीको छोराछोरीलाई बोलाउँदा बोलाउँदै स्वर नै सुकिसकेको थियो । उनको शरीर ठकाईले आलस्य र क्लान्त भइसकेको थियो । अनि उनी पातहरू पहेंलो भई ओइलिएर गलिसकेको केराको बोट ढलेजस्तै वेस्सन्तरको सामू मुर्छा परेर ढलिन् । यसरी आफ्नो अगाडि मद्दीदेवी मुर्छा परी हिउँ जस्तै चीसो भएकोले वेस्सन्तरले मद्दीदेवीको मृत्यु भयो भन्ने ठानेर शोक गर्दै मद्दीदेवीलाई हेर विचार गर्न पुगे । वेस्सन्तर परिवार वंक पर्वतमा बसी जिविका गर्दै आएको ७ महिना बितिसक्यो । त्यसबेला देखि वेस्सन्तरले श्रमण धर्म पालन गरेरै आइरहेको थियो । तर यस्तो आपद आइपर्दा हडबडीले गरेर वेस्सन्तरले आफ्नो तपस्वी भाव पनि विर्सन पुगेर मद्दीदेवीले श्वास फेरिरहेकी छ छैन भनी हेर्नको लागी उनको शरीरमा स्पर्श गर्न पुगे । यसरी जाँचीसकेपछि मद्दीदेवी मुर्छा मात्र भएकी भन्ने कुरा थाहा पाउने वित्तिकै आफ्नो कमण्डलको पानीले मद्दीदेवीको मुखमा छर्कन थाल्यो । अनि मद्दीदेवीको विस्तारै होश आउन थाल्यो । राम्ररी होश आउने वित्तिकै उनी हतरपतर उठी आफ्नो वस्त्र सम्हाल्दै वेस्सन्तरको पाऊ ढोगिन् । पछि उनीले फेरि आफ्ना छोरा र छोरीलाई सम्भेर प्रश्न गर्न थालिन् -"भो नाथ ! हाम्रा पुत्र र पुत्री कहाँ गए ?



Downloaded from http://www.dhamma.digital

अनि वेस्सन्तरले भने -"भो देवी ! हाम्रा छोरा छोरीलाई तिमी वनमा गइरहेको वेला एउटा याचक ब्राह्मणको हातमा दान दिएर पठाइसकें । त्यस ब्राह्मणलाई तिमी नआउञ्जेल कुरिरहनको लागि आग्रह पनि गरेको थिएँ। तर उसले मानेन । तर तिमीले यसमा चित्त दुखाउनु पर्दैन । सत्पुरुषहरूले आफ्नो घरको सविज्ञानक वा अविज्ञानक पदार्थ दान दिंदा चित्त दुखाउँदैनन्। ती महापुरुषहरूले उत्तम निर्वाण (मुक्ति) प्रार्थना गरी आफ्नो मुटु झिकेर दान दिनको लागि पनि पछि हट्दैनन् । त्यसैले तिमीले यसमा कुनै अपशोच नगर्नु । मेरो श्रेष्ठ दानचर्यालाई तिमीले अनुमोदन गर्नु ।

वेस्सन्तरको प्रेमपूर्ण र दयाले भरिएको कुरा सुनी मद्दीदेवीले भनिन् - भो स्वामी ! तपाईंले हाम्रा छोराछोरीहरू दान दिनुभएको सुनी मेरो मन खिन्न भएको छैन । यस सर्वोत्तम दानलाई मैले सहर्षपूर्वक अनुमोदन गरें। तपाईं पनि प्रसन्न रहनुहोस् । कत्ति पनि शोक र पश्चाताप नगर्नुस् । अझ तपाईंको इच्छा पूर्ण हुने गरी यो भन्दा पनि बढि दान गर्नुस् । याचकहरूको मन प्रफुल्ल पार्दै दान दिनुस् । यति भन्दै उनीले दान अनुमोदन गरी धन्य ! धन्य ! तपाइँको दान ! धन्य तपाईंको याचकहरूका लागि महाकरुणा ! साधु ! साधु ! भन्दै हर्ष प्रकट गरिन् ।

यसरी वेस्सन्तर र मद्दीदेवीले आफ्ना दान कार्यलाई अनुमोदन गर्दै मन प्रफुल्ल पारी दिन बिताए ।

भोलीपल्ट फेरि एकजना ब्राह्मण वेस्सन्तरको अगाडि याचकको रुपमा उभिन आए । वेस्सन्तरले उसलाई कारण सोद्धा उसले यसरी भने -"भो वेस्सन्तर ! म धेरै वृद्ध



Downloaded from http://www.dhamma.digital

भइसकें । त्यसैले तपाईंकी रानी मद्दीदेवीलाई दान लिन आएँ ।" यो कुरो सुन्ने वित्तिकै वेस्सन्तरले त्यस याचकलाई खुशी हुँदै भने -"भो ब्राह्मण ! मैले तिमीलाई मद्दीदेवी दान दिने भएँ । मसंग भएका बस्तु मैले लुकाइराख्न चाहँदिन । दान लिन आउने व्यक्ति मात्र भए मैले आफ्नो मुटु समेत झिकी दान दिन तयार छु ।"

यति भनी कमण्डलको पानी ल्याई मद्दीदेवीको हात समाती याचक ब्राह्मणको हातमा पानीको धारा बगाई दान दिए ।

दान दिइसकेपछि वेस्सन्तरले भने -"मैले मेरी प्राण समानकी पत्नी मलाई मन नपरेको कारणले दान दिएको होइन । उनी भन्दा पनि अति प्रिय बोधिज्ञान (बुद्धत्त्व) प्राप्त गर्ने आशा र प्रार्थना गरी मैले आफूलाई मनपर्ने पत्नी र छोराछोरीहरू दान दिएको हुँ ।

यति भन्दै वेस्सन्तरले आफ्नी पत्नी मद्दीदेवीलाई सोधे -"भो मद्दी ! तिम्रो मनमा कुनै दु:ख लागेको छ कि ?"

आफ्नो स्वामीको बुद्धत्त्व प्राप्त गर्ने अभिलाषालाई कदर गर्दै मद्दीदेवीले दु:ख होइन खुशी प्रकट गर्दै यस महान दान कार्यको अनुमोदन गरिन् ।

यसरी पती पत्नी बिचको सौहार्दपूर्ण वार्तालाप सुनी याचक ब्राह्मण अति नै प्रभावित भएर भन्न थाले -"भो वेस्सन्तर ! यस मद्दी देवीलाई मैले दान लिए पनि हाल मेरो साथमा लग्ने छैन । यिनीलाई अहिले तपाइँकै समक्ष नासोको रुपमा छोडेर जाँदैछु । उनी मलाई होइन तपाईंलाई मात्र सुहाउँछिन् । जसरी पानी र शंखको वर्ण एउटै छ, त्यसरी नै



Downloaded from http://www.dhamma.digital

तपाइँहरू दुबैजनाको रुपवर्ण पनि एउटै छ । त्यसैले यस मद्दीदेवी तपाईंलाई नै भयो । अब यिनलाई कोही याचकको हातमा तपाईंले दान दिन पाउनु हुन्न । तपाईंको दान कार्यबाट दुःखी भएका जेतुत्तर नगरवासीले तपाईंलाई नगरबाट निष्काशन गरेपनि तपाइँले आफ्नो दान कार्यलाई त्याग्नु भएन । अझ आफ्नै छोरा छोरी समेत दान दिई धर्मचर्या पालन गर्नुभयो । यो अति उत्तम कार्य हो । यसरी नै दानपुण्य कार्य गर्नुस् । दान दिने कार्यबाट विचलित नहुनुस् । यसरी धैर्य र शुभकामना दिँदै त्यस याचक आफ्नो बाटो लागे ।

वेस्सन्तरका छोरा छोरी दान लिएर गएका जूजक ब्राह्मण १५ दिन पछि जेतुत्तर नगर पुगे । हुन त उ कलिंग देशमा जान भनी आएका थिए । संयोगवस जूजक ब्राह्मणको मन परिवर्तन भएर ती बाल बालिकाहरूका बाजे बज्यै (जेतुत्तर नगरका राजा रानी) समक्ष जान मन लागेछ । त्यसैले उ जाली कुमार र कृष्णाजिनीका साथ राज-पतांगिरीमा उभिए । राजा संजयले यो कुरो थाहा पाउने वित्तिकै दूत एकजना पठाई जाली कुमार र कृष्णाजिनी सहित जूजक ब्राह्मणलाई आफु सामु ल्याउन आदेश दिए ।

जाली र कृष्णाजिनीलाई वेस्सन्तर राजकुमारले जूजक ब्राह्मणको हातमा दान दिई पठाएको कुरा थाहापाई जेतुत्तर नगरका अमात्यहरूले वेस्सन्तरको ठूलो निन्दा र उपहास गरे । तर राजा संजयले राज कर्मचारीहरूलाई आदेश दिई त्यस जूजक ब्राह्मणलाई एक हजार रुपैयाँ, हात्ती, घोडा, ओढ्ने, ओछ्याउने आदि देखि लिएर रथ, दास, दासी र बस्नको लागि एक घर समेत गरी जम्मा सयवटा वस्तुहरू



Downloaded from http://www.dhamma.digital

जम्मा गरी पुरस्कार दिन लगाए । अनि आफ्ना प्यारा नाती नातिनी दुबैजनालाई आफुले संरक्षण गरी राखे ।

यसरी जेतुत्तर नगरका राजा रानी दुबैजना आफ्ना प्यारा नाती र नातिनीलाई नुहाउन दिई राम्ररी खाना खुवाई भला कुसारी गर्नमा तल्लिन रहे । ती बाल बालिकाहरूले आफ्ना आमाबुबाले जंगलमा कष्टपूर्वक जीवन बिताइरहेको घटना विषयमा वृत्तान्त कुरा सुनाउन थाले ।

सबै कुरो सुनिसकेपछि राजा संजयले आफ्ना छोरा वेस्सन्तरको त्यागमय भावना देखि आश्चर्य चकित भए । निर्दोष वेस्सन्तरले कष्ट पूर्वक विताइरहेको दयनीय जीवनी सम्झदै राजा संजयमा ज्यादै स्नेह उत्पन्न हुन थाल्यो । आफ्ना धार्मिक छोरा वेस्सन्तरलाई देश निकाला गरेकोमा पश्चाताप हुन थाल्यो । उनले सोच्यो -"राज्य चलाउन लायक भइसकेका मेरा छोरा वेस्सन्तरलाई वनवास होइन राजकाज चलाउने जिम्मा दिनु मात्र उचित हुनेछ । यस राज्यमा जति पनि धन सम्पत्ति छन्, ती सबै वेस्सन्तरलाई नै सुम्पि दिनेछु । मेरा छोरा वेस्सन्तरले छिट्टै यहाँ आई राज्य चलाएमा मेरा धेरै बोझ हल्का हुनेछ । यति विचार गरी राजा सञ्जयले मन्त्रीहरू बोलाई यसरी हुकुम भयो -"लौ छिट्टै ६० हजार सैन्यहरू तयार गरी हात्ती, घोडा तयार गर्न लगाई सबै जनताहरू बोलाउनु । हामीले सके सम्म वेस्सन्तर लाई देश भित्र फिर्ता बोलाउन हतार भइसक्यो । त्यसैले जेतुत्तर नगर देखि वंकपर्वत सम्म राम्ररी बाटो बनाई सजाउने गर्नु ।" राजाको हुकुम पालन भयो र राजा रानी सहित लाखौं जनताको लावा लस्कर जाली कुमारको नेतृत्त्वमा वंक पर्वतमा जानका लागि कार्यक्रम बनाइयो ।



Downloaded from http://www.dhamma.digital

उता घरबार, थुप्रै धन सम्पत्ति र दास दासीले सम्पन्न भएका जूजक ब्राह्मणले आफ्नो जीवनमा कहिले पनि उपभोग गर्न नपाएको ऐस आराम र विलासमय जीवन विताउँदै अति उच्च स्तरको भोजन गर्न पाएकोले होश सम्हाल्न सकेन । उसले अपच हुने गरी ज्यादै भोजन खाई बढि आराम लिन थालेको फलस्वरूप खाना नपची अपच रोगको कारणले उसको तत्कालै मृत्यु पनि भयो ।

वंक पर्वत जाने कार्यक्रम शुरु हुन थाल्यो । धेरै रमाईलो वातावरणले छाएको थियो त्यस दिन । सबैको अनुहारमा खुशी र हर्षको मुस्कान देखिन्थ्यो यात्रा शुरु हुँदा । वंक पर्वत पुगिसके पछि त्यहाँबाट आश्रमतिर लाग्ने बेला लावा लस्कर एकैपटक वेस्सन्तर समक्ष जान उचित हुने नदेखी राजा सञ्जयले रानी फुसतीदेवीलाई भने -भो फुसति ! हामी सबै एकैपटक आश्रममा गयौं भने हामी सबैको शोक बढि हुनेछ । त्यसकारण पहिला म जानेछु । केही छिन पछि मात्र तिमी परिवार सबैलाई लिएर आउनु ।"

यति भनी राजा संजय दुईजना अंगरक्षक सहित वेस्सन्तर कहाँ गए । आफ्ना पिता राजा सञ्जयलाई अचानक दुई अंगरक्षकका साथ देखेपछि अचम्म मानी वेस्सन्तर र मद्दीदेवी हत्तरपतर आशनबाट उठी आफ्ना बुबालाई स्वागत गर्न गए । अभिवादन कार्य सकेपछि दुबै तर्फबाट हर्षको आँसु बहाई कुशल वार्ता गरे । बार्ता गर्दा गर्दै जाली कुमार र कृष्णाजिनीलाई जूजक ब्राह्मणले वेस्सन्तरको हातबाट दान लिएर राजदरबार पुऱ्याइएको कुरा थाहा पाइसकेपछि अझ हर्ष थपियो ।



Downloaded from http://www.dhamma.digital

यहीबेला महारानी फुसती देवी देखापरिन्। माता फुसती देवीसंग कुशल वार्ता शुरु भयो । मद्दीदेवी भने जाली र कृष्णाजिनी पनि आइपुग्नेछन् भन्ने कुरो थाहा पाए देखि ती दुई बाल बालिका आउने वाटो तर्फमात्र हेरिरहिन्। यत्तिकैमा जाली र कृष्णाजिनीहरू पनि कुशल पूर्वक आइरहेका देखी मद्दी देवीले आफ्नो मातृ हृदयलाई थाम्न नसकी गहभरी आँसु राख्दै मेरा बच्चाहरू ! भन्दै हतारिंदै बच्चाहरू तर्फ दगुरिन् । छोराछोरीहरू पनि आमा ! आमा ! भन्दै हर्षले बिह्वल हुँदै एक सासमा हस्याङ्ग फस्याङ्ग गर्दै आमातर्फ हुत्तिंदै आए । यत्तिकैमा वेस्सन्तर, राजा सञ्जय र रानी फुसती देवी पनि दगुर्दै वच्चाहरू तर्फ पुगे । यो हर्षित मिलनको दृश्यलाई हेरिरहने सबै प्रजागणले मन थाम्न नसकी रोए ।

अनि सबै राजपुरुषहरूले वेस्सन्तरलाई यसरी प्रार्थना गरे - भो वेस्सन्तर ! तपाइँनै सिवि देशका मालिक हुनुहुन्छ । त्यसैले तपाईंलाई संञ्जय राजाले यहिं नै सेतो छत्रले ओढाई राज्याभिषेक दिने इच्छा गर्नु भएको छ। कृपया तपाइँले यसलाई स्वीकार गरिदिनुहोस् ।

राजा सञ्जयले पनि आफ्नो भूल स्वीकारी वेस्सन्तरलाई राज्यभार सम्हाल्ने कुरा गरेपछि बोधिसत्त्व वेस्सन्तरले यस कुरोलाई स्वीकारी पर्णशालाभित्र प्रवेश गरे। आफ्नो ऋषि वस्त्र सबै फुकाली पर्णशालाबाट बाहिर आई वेस्सन्तरले यस्तो वाक्य प्रकट गरे -“अहो धन्य हो यो कुटी । यसमा बसी मैले ७ महिना सम्म रही पारमिताको अन्त्यसम्म विताउन पाएँ। धन्य हो यो स्थान !” यति भन्दै



Downloaded from http://www.dhamma.digital

पर्णशालालाई ३ पटक परिक्रमा गरी पञ्चाङ्ग प्रणाम गरे । अनि हजाम आई वेस्सन्तरको कपाल खौऱ्याई स्नान गराई अत्यन्त राम्रा देव वस्त्र लगाउन दिई राज्याभिषेक गराए ।

यति कार्य सिद्धिएपछि वेस्सन्तरको यश महान भयो । सबैले वेस्सन्तरको मंगल कामना गर्दै शुभकामना व्यक्त गरे । भनिन्छ त्यसबेला मानिसहरू मात्र होइन जंगलका सबै प्राणीहरू (पशुपंक्षी र जनावरहरू समेत) सबै हर्षले गद् गद् भए । त्यहाँको वातावरण ज्यादै रमणिय भएको थियो ।

वेस्सन्तरका पिता संजयले १ महिनासम्म त्यस स्थानमा वन क्रिडा गरे । राजा वेस्सन्तरलाई जेतुत्तर नगरमा फर्काउनका लागि ६० योजन मार्ग सजाउन लगाई २ महिना बिताई राजाहरू जेतुत्तर नगर फर्के ।

वनमा स्वतन्त्ररूपले जीवन बिताइरहेका पशुपंक्षीहरूसंग मैत्री पूर्वक जीवन बिताएर आएका राजा वेस्सन्तरले आफ्नो मुलुक जेतुत्तर पुगिसकेपछि त्यहाँ बन्दीको रुपमा थुनिएका सबै प्राणीहरूलाई मुक्त गरिदिनु भनी आदेश दिए । यसरी विरालो तह सम्मका सबै प्राणीहरूलाई मुक्त गरिए । त्यसबेला नगर भरि नै विभिन्न अलङ्कारहरूले सजाइएका थिए । ठाउँ ठाउँमा द्वारहरू बनाई ठाउँठाउँमा नृत्य कार्यक्रम संचालन गर्दै प्रजागणहरू हर्ष विभोर भएका थिए ।

नगरमा भित्रिसकेपछि राजा वेस्सन्तरले आफु नगर भित्र प्रवेश गरिसकेको कुरा घोषणा गराई याचकहरूलाई भोलिपल्ट देखि नै दान लिन आउन आह्वान गरेर दान पारमिता पूरा गर्दै आफ्नो जीवन सुखपूर्वक बिताउन सफल भए ।

■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति प्रकाशन
## (नेपाल भाषा)

१. महासतिपट्ठान सूत्र
२. बुद्धया झिंनिगु विपाक
३. अभिधर्म (भाग-१)
४. ऋद्धि प्रातिहार्य
५. वासेट्ठी थेरी
६. यःम्ह म्हयाय्
७. पञ्चनीवरण
८. भावना
९. एकताया ताःचा
१०. प्रेमं छु ज्वी
११. त्रिरत्न गुण स्मरण
१२. बुद्ध पुजा विधि (प्र.सं.)
१३. मैत्री भावना
१४. कर्तव्य (प्र.सं.)
१५. मिखा
१६. परित्राण
१७. हृदय परिवर्तन
१८. बुद्धया अन्तिम यात्रा (भाग-१)
१९. बुद्धया अन्तिम यात्रा (भाग-२)
२०. कर्म
२१. बाखं (भाग-१)
२२. बौद्ध ध्यान (भाग-१)
२३. बोधिसत्व
२४. शाक्यमुनि बुद्ध
२५. अनत्तलक्खण सुत्त
२६. मत्ति भिंसा गति भिंनि
२७. अहिंसाया विजय
२८. बाखं (भाग-३)
२९. महास्वप्न जातक (प्र.सं.)
३०. लक्ष्मी द्यो
३१. अभिधर्म (भाग-२)
३२. बाखंया फल (भाग-१)
३३. बाखंया फल (भाग-२)
३४. क्षान्ति व मैत्री
३५. प्रार्थना संग्रह
३६. बाखं (भाग-२) (द्वि.सं.)
३७. प्रौढ बौद्ध कक्षा
३८. मूर्खम्ह पासा मज्यू
३९. बुद्धया अर्थनीति
४०. श्रमण नारद
४१. उखानया बाखं पुचः
४२. पालिभाषा अवतरण (भाग-१)
४३. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
४४. पालि प्रवेश (भाग-१)
४५. पालि प्रवेश (भाग-२)
४६. चमत्कार
४७. बाखं (भाग-४)
४८. राहुल यात उपदेश
४९. अभिधर्म
(चित्तकाण्ड छगुया संक्षिप्त परिचय)
५०. मणिचूड जातक
५१. महाजनक जातक
५२. गृही विनय (तृ.सं.)
५३. चरित्र पुचः (भाग-१)
५४. बौद्ध ध्यान (भाग-२)
५५. शान्तिया त्वाथः
५६. बुद्ध व शिक्षा (ख)
५७. विश्व धर्म प्रचार देशना (भाग-२)
५८. जातक माला (भाग-१)
५९. त्रिरत्न वन्दना व सूत्र पुचः
६०. चरित्र पुचः (भाग-२)
६१. त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल
६२. लुम्बिनी विपस्सना
६३. विश्व धर्म प्रचार देशना (भाग-१)
६४. योगीया चिट्ठी
६५. संक्षिप्त बुद्ध जीवनी
६६. बुद्ध धर्म
६७. जातक बाखं

Downloaded from http://www.dhamma.digital

६८. जातक माला (भाग-२)
६९. सर्वज्ञ (भाग-१)
७०. पालि प्रवेश (भाग-१,२)
७१. किशा गौतमी
७२. जप पाठ व ध्यान
७३. तेमिय जातक
७४. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (प्र.सं.)
७५. धम्मपद (श्लोकवद्ध)
७६. बाखँ (भाग-५)
७७. सप्तरत्न धन
७८. सर्वज्ञ (भाग-२)
७९. दान
८०. वम्मिक सुत्त
८१. मध्यम मार्ग
८२. महासिहनाद सुत्त
८३. भिंम्ह काय् व म्हयाय्
८४. भिक्षु जीवन
८५. समथं व विपश्यना संक्षिप्त भावना विधि
८६. महानारद जातक
८७. भिंम्ह मचा
८८. विवेक बुद्धि
८९. झंग लाइम्ह लाखे
९०. बुद्धपूजा विधि (द्वि.सं.)
९१. स्वास्थ्य लाभ
९२. शिक्षा (भाग-१)
९३. शिक्षा (भाग-२)
९४. दृष्टि व तृष्णा
९५. विपश्यना ध्यान
९६. सतिपट्ठान भावना
९७. बाखँ (भाग-६)
९८. धम्मचक्कप्पवत्तन सुत्तं (द्वि.सं.)
९९. गौतम बुद्ध
१००. नेपालय् २५ दँ जिगु लुमन्ति
१०१. बुद्ध व शिक्षा (क)
१०२. शिक्षा (भाग-३)
१०३. शिक्षा (भाग-४)
१०४. महा स्वप्न जातक (द्वि.सं.)
१०५. धम्मपद व्याख्या (भाग-१)
१०६. धम्मपदया बाखँ
१०७. अभिधर्म (भाग-२) (द्वि.सं.)
१०८. संसारया स्वापू
१०९. धम्मपद (मुल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
११०. आदर्श बौद्ध महिलापिं
१११. बौद्ध नैतिक शिक्षा (भाग-१)
११२. वेस्सन्तर जातक
११३. निर्वाण (रचना संग्रह)
११४. त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके (द्वि.सं.)
११५. पालिभाषा अवतरण (भाग-२)
११६. दीर्घायु ज्वीमा
११७. न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११८. मनूतय्गु पह:
११९. संस्कृति
१२०. कर्तव्य (द्वि.सं.)
१२१. विशेष म्ह मफैवले पाठ यायेगु परित्राण
१२२. बुद्धया करूणा व ब्रह्मदण्ड
१२३. विरकुशया बाखँ
१२४. त्रिरत्न वन्दना व परित्राण
१२५. धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१२६. पट्ठानपालि
१२७. कर्म व कर्मफल
१२८. शिक्षा (भाग-५)
१२९. धर्मया ज्ञान (भाग-२)
१३०. बौद्ध ध्यान
१३१. संक्षिप्त बुद्ध वंश (भाग-१)
१३२. संक्षिप्त बुद्ध वंश (भाग-२)
१३३. अभिधर्म द्वि.सं. (भाग-२)
१३४. अभिधर्म पालि
१३५. न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३६. अनन्तलक्खण सूत्त (द्वि.सं.)
१३७. बुद्धपूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१३८. त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१३९. धम्मचक्कप्पवत्तन सुत्त

---

मुद्रक : न्यू नेपाल प्रेस, फोन: २५९०३२, ४३४८५०

Downloaded from http://www.dhamma.digital